# ईन्द्रावती गाउँपालिकाको दोस्रो गाउँ सभाको पहिलो अधिवेशन

मिति : २०७९।०३।१०
समय : दिनको ११.०० वजे
स्थान : गाउँपालिकाको सभा हल नवलपुर सिन्धुपाल्चोक

आज मिति २०७९।०३।१० गते सुक्रवारको दिन ईन्द्रावती गाउँपालिका अध्यक्ष तथा ईन्द्रावती गाउँपालिकाको दोस्रो गाउँ सभाको पहिलो अधिवेशनका सभाध्यक्ष श्री झम्क नाथ नेपाल ज्यूको अध्यक्षतमा वैठक वसि देहायका निर्णयहरु गरियो ।

उपस्थिति :

| सि.नं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री झम्क नाथ नेपाल | अध्यक्ष | |
| २ | श्री सोभना तामाङ्ग | उपाध्यक्ष | |
| ३ | श्री चीनलाल तामाङ्ग | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री श्याम वहादुर गिरी | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री भिमसेन थापा | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री क्षेत्रवहादुर तामाङ्ग | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री शशिनाथ आचार्य | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री इन्द्रवहादुर तामाङ्ग | ६ नं. वडा अध्यक्ष | |

१। ईन्द्रावती गाउँपालिकाको दोस्रो गाउ सभाको पहिलो अधिवेशनमा प्रस्तुत नीति, कार्यक्रम तथा बजेट, आ.व. २०७९।०८०

Scanned with OKEN Scanner

ईन्द्रावती गाउँपालिकाको दोस्रो गाउँ सभाको पहिलो अधिवेशन

| | | | |
|---|---|---|---|
| ९ | श्री रवीन्द्र कुमार खाती | ७ नं.वडा अध्यक्ष | |
| १० | श्री डिलवहादुर श्रेष्ठ | ८ नं. वडा अध्यक्ष | |
| ११ | श्री वावुराम लामा | ९ नं. वडा अध्यक्ष | |
| १२ | श्री रामचन्द्र घिमिरे | १० नं. वडा अध्यक्ष | |
| १३ | श्री रामजी माझि | ११ नं वडा अध्यक्ष | |
| १४ | श्री सुरेन्द्र वहादुर दनुवार | १२ न. वडा अध्यक्ष | |
| १५ | श्री तिलक वहादुर रोक्का | कार्यपालिका सदस्य | |
| १६ | श्री अनिता कार्की | कार्यपालिका सदस्य | |
| १७ | श्री गिता सोनाम | कार्यपालिका सदस्य | |
| १८ | श्री मिठु नेपाली | कार्यपालिका सदस्य | |
| १९ | श्री सीता तिरुवा | कार्यपालिका सदस्य | |
| २० | श्री रामहरी दनुवार | कार्यपालिका सदस्य | |

२। ईन्द्रावती गाउँपालिकाको दोस्रो गाउ सभाको पहिलो अधिवेशनमा प्रस्तुत नीति, कार्यक्रम तथा बजेट, आ.व. २०७९।०८०

इन्द्रावती गाउँपालिकाको दोस्रो गाउँ सभाको पहिलो अधिवेशन

| | | | |
|---|---|---|---|
| २१ | श्री निरमाया तामाङ | सदस्य | निरमाया |
| २२ | श्री रंगमाया सुनार | सदस्य | र०माया |
| २३ | श्री वीरबहादुर तामाङ | सदस्य | |
| २४ | श्री रामबहादुर मगर | सदस्य | |
| २५ | श्री सुस्मिता तामाङ | सदस्य | |
| २६ | श्री कलावती सुनार | सदस्य | कलावती |
| २७ | श्री देवी गिरि | सदस्य | |
| २८ | श्री सन्तोष गिरी | सदस्य | |
| २९ | श्री रेणुका अधिकारी | सदस्य | |
| ३० | श्री इल्ली कार्मी | सदस्य | |
| ३१ | श्री दान बहादुर तामाङ | सदस्य | |
| ३२ | श्री दिपक बानियाँ | सदस्य | |

३। इन्द्रावती गाउँपालिकाको दोस्रो गाउ सभाको पहिलो अधिवेशनमा प्रस्तुत नीति, कार्यक्रम तथा बजेट, आ.ब. २०७९।०८०

ईन्द्रावती गाउँपालिकाको दोस्रो गाउँ सभाको पहिलो अधिवेशन

| | | | |
|---|---|---|---|
| ३३ | श्री सुभद्रा अधिकारी | सदस्य | |
| ३४ | श्री जानुका सुनार तिरुवा | सदस्य | |
| ३५ | श्री गोविन्द तामाङ | सदस्य | |
| ३६ | श्री रेशम वहादुर तामाङ | सदस्य | |
| ३७ | श्री राधिका तिमिल्सेना | सदस्य | |
| ३८ | श्री सरोज तामाङ | सदस्य | |
| ३९ | श्री कृष्ण प्रसाद सन्जेल | सदस्य | |
| ४० | श्री सम्झना श्रेष्ठ | सदस्य | |
| ४१ | श्री सम्भुप्रसाद कोइराला | सदस्य | |
| ४२ | श्री खिल प्रसाद आचार्य | सदस्य | |

| | | | |
|---|---|---|---|
| ४३ | श्री विष्णु माया वि.क | सदस्य | |
| ४४ | श्री टोम प्रसाद भटराई | सदस्य | |

४। ईन्द्रावती गाउँपालिकाको दोस्रो गाउ सभाको पहिलो अधिवेशनमा प्रस्तुत नीति, कार्यक्रम तथा बजेट, आ.व. २०७९।०८०

इन्द्रावती गाउँपालिकाको चौथो गाउँ सभाको पहिलो अधिवेशन

| | | | |
|---|---|---|---|
| ४५ | श्री तिर्थ बहादुर तामाङ | सदस्य | [signature] |
| ४६ | श्री सुनिता तामाङ वाइबा | सदस्य | [signature] |
| ४७ | श्री जुनुमाई सार्की | सदस्य | [signature] |
| ४८ | श्री बखान सिं तामाङ | सदस्य | [signature] |
| ४९ | श्री कुवेर श्रेष्ठ | सदस्य | [signature] |
| ५० | श्री सरस्वती श्रेष्ठ | सदस्य | [signature] |
| ५१ | श्री सिता पोखेल | सदस्य | [signature] |
| ५२ | श्री प्रेम प्रसाद भटराई | सदस्य | [signature] |
| ५३ | श्री जीत बहादुर तामाङ | सदस्य | [signature] |
| ५४ | श्री चरिमाया माझिनी | सदस्य | [signature] |
| ५५ | श्री गंगा बसेल पुर्कुटी | सदस्य | Ganga |
| ५६ | श्री बलाराम भटराई | सदस्य | [signature] |

५। इन्द्रावती गाउँपालिकाको चौथो गाउँ सभाको पहिलो अधिवेशनमा प्रस्तुत नीति, कार्यक्रम तथा बजेट, आ.व. २०७९।०८०

## ईन्द्रावती गाउँपालिकाको दोस्रो गाउँ सभाको पहिलो अधिवेशन

| | | | |
|---|---|---|---|
| ५७ | श्री हेमन तामाङ | सदस्य | [signature] |
| ५८ | श्री पवित्रा न्यौपाने | सदस्य | [signature] |
| ५९ | श्री कुमार माझी | सदस्य | [signature] |
| ६० | श्री नारायण माझी | सदस्य | [signature] |
| ६१ | श्री निता दनुवार | सदस्य | [signature] |
| ६२ | श्री सिताराम दनुवार | सदस्य | [signature] |
| ६३ | श्री रामलाल माझी | सदस्य | [signature] |
| ६४ | श्री रामप्रसाद शर्मा | प्रमुख प्रशासकीय अधिकृत | [signature] |

**आमन्त्रित कर्मचारीहरु**

| | | | |
|---|---|---|---|
| १ | श्री भाष्कर पन्त | लेखा अधिकृत | |
| २ | श्री मीनवहादुर धामी | शिक्षा अधिकृत | [signature] |
| ३ | श्री पुष्पराज न्यौपाने | प्रशासन र योजना अधिकृत | [signature] |
| ४ | मनोज दंगाल | प्र.पु.अ. | [signature] |
| ५ | अनिल चौलागाईं | अमिन | [signature] |

६। ईन्द्रावती गाउँपालिकाको दोस्रो गाउ सभाको पहिलो अधिवेशनमा प्रस्तुत नीति, कार्यक्रम तथा बजेट, आ.व. २०७९।०८०

इन्द्रावती गाउँपालिकाको दोस्रो गाउँ सभाको पहिलो अधिवेशन

| | | | |
|---|---|---|---|
| ६ | रश्मि वकुवार | अ.न.मि | [signature] |
| ७ | सबिना न्यौपाने | इन्जिनियर | [signature] |
| ८ | राजाराम धोरासैनी | इन्जिनियर | [signature] |
| ९ | रबिना खोखाली | क.अ. | [signature] |
| १० | रविना कोइ | क.अ. | [signature] |
| ११ | सागर सापकोटा | सब-इन्जिनियर | [signature] |
| १२ | सुरेश दाम डोल्ल | अ.ई. | [signature] |
| १३ | भुपेश मोक्त | सब-इन्जिनियर | [signature] |
| १४ | कमल ब. गिरी | वडा सचिव | [signature] |
| १५ | सुशिल गिरी | क.अ. | [signature] |
| १६ | मदन कुमार भट्टराई | प्राविधिक सहायक | [signature] |
| १७ | विमला तामाङ | पोषण सहजकर्ता | [signature] |
| १८ | कृष्णा तामाङ | सामाजिक परिचालक | [signature] |
| १९ | भगवती अधिकारी | ना.प्रा.स. | [signature] |
| २० | सुरज कार्की | सब-इन्जिनियर | [signature] |
| २१ | दिपक अधिकारी | वडा सचिव वडा नं ४ | [signature] |
| २२ | शर्मिला थापा | १० नं वडा सचिव | [signature] |
| २३ | डम बहादुर वि.क. | ६ नं वडा सचिव | [signature] |
| २४ | राजन प्रसाद घिमिरे | ६ नं वडा सचिव | [signature] |
| २५ | सानु लामा | ८ नं वडा ना.प्रा.स | [signature] |

इन्द्रावती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय नवलपुर, सिन्धुपाल्चोक २०७३

ईन्द्रावती गाउँपालिकाको दोस्रो गाउँ सभाको पहिलो अधिवेशन

| | | | |
|---|---|---|---|
| २६ | लक्ष्मी लामिछाने | अ.सब इन्जिनियर | |
| २७ | सपना नेपाली | उद्यम विकास सहजकर्ता | |
| २८ | सुकुलबहादुर (थोपाने) | वडा नं. ७ वडासचिव | |
| २९ | मखमली कोइराला | वडा नं. ६ सामाजिक परिचालक | |
| ३०, | मेया काफ्ले | वडा नं ४ का.स. | मेयां |
| ३१ | अनिरुद्ध तिमाल्सिना | सचिव - वडा नं १० | |
| ३१ | गोविन्द कोइराला | रोजगार संयोजक | |
| ३२ | दिपक सापकोटा | O.J.T | |
| ३३ | मुना तामाङ | कृषि प्राविधिक | |
| ३४. | देवीमाया सुनुवार | कृषि प्राविधिक | |
| ३५ | अरेन्द्र फनुवार | सब इन्जिनियर | |
| ३६. | हरि चन्द्र नेपाल | कृषि प्राविधिक | |
| ३७ | विमला पोखरेल | पु.प.ह. | |
| ३८ | ~~रस्ना स्वोरवाली~~ | अ.न.मि | |
| ३९ | ~~चित्रकुमारी तामाङ~~ | अ.न.म. | |
| ४० | बिन्ता कुमारी विष्ट | प्रा.स (शिक्षा) | |
| ४१ | कविता पाण्डे | सहायक चौथो (प्रशासन) | |
| ४२ | रघुनन्द गौतम | सचिव - वडा नं. ३ | |
| ४३ | ज्ञानेन्द्र रोकाया | सहायक चौथो (प्रशासन) | |
| ४४ | ओम जंग कार्की | अ. स. इन्जिनियर | |

ईन्द्रावती गाउँपालिकाको दोस्रो गाउँ सभाको पहिलो अधिवेशन

| | | | |
|---|---|---|---|
| ४५ | देवराज ढुंवेदी | पत्रकार । रासस | [signature] |
| ४६ | वुद्धि आचार्य | ,, | [signature] |
| ४७ | श्याम खड्का | ,, | [signature] |
| ४८. | हिंजय तामाङ | ,, | [signature] |
| ४९. | दिपिन ढुंगाना | ,, | [signature] |
| ५० | सन्तोष घिमिरे | Sindhupress.com | [signature] |
| ५१ | किरण थापा | रेडियो मिसन | [signature] |
| ५२ | दिपेश प्रधान | जे.सि.बि. अप्रेटर | [signature] |
| ५३ | जयराम न्यापित | रा.अ.वि. बरुवा | [signature] |
| ५४ | चिरन्जिवी रेग्मी | प्र.नि.वि. | [signature] |
| ५५ | राज कु. श्रेष्ठ | प्र.नि | [signature] |
| ५६ | कुल ब. कार्की | प्र.ह | [signature] |
| ५७ | इन्द्रजीत ईश्वरी | प्र.नि. | [signature] |
| ५८ | रुपेश गुरुङ | प्रमुख | [signature] |
| ५९ | विवेक चौधरी | प्र.ज | [signature] |
| ६० | प्रयाग बहादुर बुर्जा | प्र.स.नि. | [signature] |
| ६१ | प्रकाश थापा | प्र. ६० | [signature] |
| ६२ | कुमार घिमिरे | प्र.ना.नि. | [signature] |
| ६३. | रेशम तामाङ | ना.नि. | [signature] |
| ६४ | प्रकाश तामाङ | न.ना.प्र | [signature] |

ईन्द्रावती गाउँपालिकाको दोस्रो गाउँ सभाको पहिलो अधिवेशन

| | | | |
|---|---|---|---|
| ६५. | विकाश छिङ. तामाङ | न. गा. प्र. | [signature] |
| ६६. | लिंगा बहादुर तामाङ | स. च. | [signature] |
| ६७. | सौरव तामाङ | का. ते. | [signature] |
| ६८. | श्याम वोम्जन | ,, | [signature] |
| ६९. | वसन्ता तामाङ | ,, | [signature] |
| ७० | सुवास सापकोटा | ना ग प | [signature] |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

ईन्द्रावती गाउँपालिका सिन्धुपाल्चोक

# दोस्रो गाउँ सभाको पहिलो अधिवेशनमा प्रस्तुत नीति तथा कार्यक्रम

आ.व. २०७९।२०८०

**सभाध्यक्ष ज्यू**

**,सभाका सम्पुर्ण सदस्यज्यूहरु ,प्रमुख प्रशासकीय अधिकृत ज्यू ,गाउँपालिकाका विषयगत शाखाका प्रमुख ज्यूहरु, वडासचिव ज्यूहरु, गाउपालिकामा कार्यरत कर्मचारी ज्यूहरु, पत्रकार सुरक्षा कर्मी तथा गाउँपालिंकामा वसोवास गर्ने र रेडियोवाट प्रत्यक्ष रुपमा सुनिरहनु भएका गाउँपालिकावाशी आदरणीय आमा, वुवा, दाजु, भाइदिदि, वहिनीहरु ,**

**म सोभना तामाङ गाउँपालिकाको उपाध्यक्षको हैसियतले आगामी वर्षको नीति तथा कार्यक्रम र वजेट प्रस्तुत गर्न पाउदा आफुलाई गौरवान्दित भएको महशुस गरेकी गरेकी छु**

सभाध्यक्ष महोदय,

स्थानीय तहको दोस्रो निर्वाचन गत मिति २०७९ वैशाख ३० गते सम्पन्न भई उक्त निर्वाचन मार्फत प्राप्त नयाँ जनादेश बमोजिम वर्तमान जनप्रतिनिधि निर्वाचित भई आएको करिव ढेड महिना व्यतित भएको छ । इन्द्रावतीका आम नागरिकको विकास, रुपान्तरण, संमृद्धि र सत्कर्मको लक्ष प्राप्तीको तीब्र' चाहना पतिपूर्ति गर्नुपर्ने गहन जिम्मेवारी यस गाउँसभा उपर रहेको छ । हामीलाई आफ्नो मत मार्फत निर्वाचित गराउँनु हुने आम मतदाता लगायत स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्न योगदान गर्नुहुने सवैलाई हार्दिक धन्यवाद ज्ञापर्न गर्दछु । स्थानीय तहको दोस्रो कार्यकालको पहिलो गाउँसभामा आज हामी उपस्थित भएका छौं । यस गाउँपालिकाको गरिमामय दोस्रो गाउँ सभाको प्रथम अधिवेशनमा हाम्रो निमन्त्रणालाई स्वीकार गरि उपस्थित हुनु हुनुभएका गाउँ सभाका सम्पूर्ण सदस्य ज्युहरु लगायत सम्पुर्ण महानुभावहरुमा म मेरो व्यक्तिगत र गाउँ कार्यपालिकाको तर्फबाट न्यानो अभिवादन सहित हार्दिक स्वागत गर्न चाहन्छु ।

[redacted]

सर्वप्रथमतः मुलुक र जनताका अधिकारलाई संविधान र कानुनमा सुनिश्चित गर्न तथा राष्ट्रलाई स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न बनाउन विभिन्न कालखण्डमा गरिएका ऐतिहासिक संघर्ष तथा जनविद्रोह र जनआन्दोलनमा प्राणको उत्सर्ग गर्नुहुने तमाम ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्दछु । यसै गरि भूकम्प, वाढी पहिरो जस्त प्राकृतिक विपत्ति, कोरोना भाइरस ( **कोभिड १९) लगायतका** विश्वव्यापी महामारीका कारण मृत्यु भएका व्यक्तिहरुमा श्रद्धाञ्जली अर्पण गर्दै परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछु । भर्खरै हामी कोरोना भाईरसको तेस्रो (ओमिक्रोन) भेरियन्टबाट सिर्जित मानवीय स्वास्थ्य संकटबाट मुक्त भएका छौं । यद्यपी उक्त महामारीबाट पूर्ण रुपमा पार पाइसकिएको भने छैन । नयाँ नयाँ भेरियन्टका साथ एकपछि अर्को कोरोनाका लहरले जनजीवनलाई त्रसित र आतंकित बनाउँदै आईरहेको यस घडिमा विपद्का समयमा धैर्यता कायम राख्नुहुने आम जनता र महामारीबाट मुक्त हुनका लागि आर्थिक, भौतिक तथा नैतिक सहयोग प्रदान गर्नुहुने सरकारी, गैर सरकारी संध संस्था लगायत सम्पूर्ण महानुभावहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

स्थानीय तहको दोस्रो निर्वाचन २०७९ वाट निर्वाचित हामी जनप्रतिनिधिहरुले भर्खरै पदभार ग्रहण गरि कार्यारम्भ गरेका छौं । एक प्रकारले भन्ने हो भने हामी जनताको कठघराको अग्नी परीक्षामा सामेल छौं । नागरिकको हाम्राप्रतिको विश्वास र भरोषालाई अझ वढाउँदै अपेक्षित विकास, निर्माण र सुधारका काम गर्दै उद्यमशीलता र स्वरोजगारीका माध्यमबाट जीवनस्तर माथि उठाउँदै अग्नीपरीक्षामा सफलता हात पार्नुपर्ने चुनौती छ । स्थानीय तहको अघिल्लो सरकार संरचनात्मक विकासमा केन्द्रित रहेकोमा अब हाम्रो ध्यान सम्पूर्ण रुपमा आर्थिक विकास र मानवीय क्षमता एवम् संसाधनको विकास र विस्तारमा केन्द्रित हुनेपर्ने अवस्था छ । नेपालको संविधान र कानुनले स्थानीय तहलाई दिएको सबै अधिकारहरुलाई नीति, विधि र कानुन बनाएर नागरिकको घरदैलो सम्म पुर्याउँनुपर्ने छ । स्थानीय सरकारको मर्म र भावनालाई नागरिकका एजेण्डा र सरोकारसंग जोड्दै स्थानीय तहलाई ससक्त र प्रभावकारी बनाउन हामीले विगतमाभन्दा थप भूमिका निर्वाह गरिनु आवश्यक छ । सिमित स्रोत साधनवाट जनताका असिमित आवश्यकता सम्वोधन गर्नुपर्ने वाध्याताका विच विभिन्न प्राकृतिक प्रकोपको समेत सामना गर्नु परिरहेको छ । यस घडीमा हामी आगामी वर्षको नीति कार्यक्रम र वजेट तर्जुमाको चरणमा छौं ।

अध्यक्ष

Scanned with OKEN Scanner

स्थानीय सरकार प्रतिको बढ्दो नागरिक अपेक्षा, विकासका न्यूनतम पूर्वाधारहरुको समेत कमी, विश्वव्यापी कोरोना महामारीका कारण आर्थिक क्रियाकलापमा पुग्न गएको क्षति, रोजगारीका सीमितताका बीचवाट माथि उठ्दै उपलब्ध स्रोत साधनलाई कुशलतापुर्वक परिचालन गर्ने विषय चुनौतीपूर्ण रहँदा रहदै पनि गाउँपालिका प्रतिको गाउँवासीहरुको सद्भाव, विकास र समृद्धि प्रतिको गाउँपालिकावासीहरुको उत्कृष्ट चाहनाको परिणामस्वरुप गाउँवासीको जीवनस्तरमा गुणात्मक परिवर्तन ल्याउँन सकिने कुरामा म पूर्ण विश्वस्त छु । गाउँपालिकाको कोषमा संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त तथा हाम्रै आन्तरिकक स्रोतको सीमित वजेटका अलावा अन्य गैर सरकारी क्षेत्रका विकास साझेदारहरुका तर्फवाट विकास आयोजनाहरु तर्जुमा र कार्यान्वयनका लागि गाउँपालिकासंगको सम्पर्क र समन्वयमा उच्चस्तरको परामर्श र सहयोग प्राप्त हुनेछ भन्ने मैंले विश्वास लिएको छु ।

प्रस्तुत नीति तथा कार्यक्रम २०७२ सालमा जारी भएको नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, पन्धौ आवधिक योजना, दिगो विकासका लक्ष्यहरु, राष्ट्रिय नीतिहरु, नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम तथा नेपाल सरकार र प्रदेश सरकारवाट प्राप्त वजेट सिलिङ्ग तथा मार्गदर्शन एवं योजना तर्जुमाको क्रममा विभिन्न तहवाट प्राप्त हुन आएका सल्लाह, सुझाव र सिकाईका आधारमा आगामी आ.व. को लागि प्रस्तुत वजेट, नीति तथा कार्यक्रम तयार गरिएको छ । प्रस्तुत नीति कार्यक्रम र वजेट कार्यान्वयनवाट गाउँपालिकाले लक्षित गरेका उद्देश्यहरु हासिल गर्न सघाउ पुग्नुका साथै **समृद्ध नेपाल, सुखि नेपाली** को राष्ट्रिय आकांक्षा पुरा गर्दै इन्द्रावती बासीको शान र गौरव वृद्धिमा समेत सहयोग पुग्ने विश्वास समेत लिएको छु ।

इन्द्रावती गाउँपालकाको आ.ब. २०७९/८० को अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्न वनेको अर्थ विधेयक, स्थानीय तहको आर्थिक विधेयक सम्मानीत सभा सामु पेश गरेको छु । त्यस्तै इन्द्रावती गाउँपालिकाको आर्थिक वर्ष २०७८/०७९को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्वन्धमा स्थानीय तहको विनियोजन विधेयक समेत सम्मानित सभा सामु पेश हुदै छ ।

**सभाध्यक्ष महोदय,**

**प्रस्तुत नीति, कार्यक्रम र बजेटका उद्देश्यहरु निम्न बमोजिम रहनेछन् ।**

झक्क नाथ नेपाल
अध्यक्ष

क) नागरिकका आवश्यकता, चाहना र मागलाई ध्यानमा राख्दै अत्यावश्यक पूर्वाधारहरुको प्रवन्ध मिलाउने ।

ख) उपलब्ध श्रोत, साधन र अवसरको उच्चतम परिचालन गरि **सुखी र खुसी इन्द्रावती बासी - संमृद्धीका लागि विकासमा लिन्छौं तीव्र गति** भन्ने मान्यताका साथ आर्थिक, सामाजिक र मानवीय संशाधनको विकास गर्ने ।

ग) वातावरणीय प्रभाव मुल्यांकन गरि वातावरण अनुकुलन दिगो विकासको अवधारणाका आधारमा ठुला पुर्वाधार विकास कार्यक्रम संचालन गर्ने ।

(घ) गुणस्तरीय शिक्षा र गुणस्तरीय स्वास्थ्यको मान्यतालाई कार्यन्वयन गर्ने ।

यिनै सम्भावना र चुनौति विच आगामी आर्थिक वर्षको बजेट तयार गरेको छु जसको लक्ष आर्थिक, सामाजिक तथा समन्यायीक विकास सहित इन्द्रावती गाउँपालिकालाई समृद्ध बनाउनु रहेको छ ।

**सभा अध्यक्ष महोदय,**

माथिका लक्ष्य तथा उद्देश्य हासिल गर्नका लागि आगामी आर्थिक वर्षको नीति, कार्यक्रम, प्राथमिकता तथा बजेट प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**१. पूर्वाधार विकास सम्बन्धी नीति :**

(क) इन्द्रावती चक्रपथ निर्माण कार्यको सम्भाव्यता अध्ययन गरी सम्भाव्य रुट यकिन भई निर्माण कार्यको थालनी गरिने छ ।

(ख) सडक यातायात सम्बन्धी गुरुयोजना तयार गरी गाउँपालिकाको केन्द्रबाट १२ वटै वडा कार्यालयसम्म आवत जावत गर्ने सडक स्तरोन्नती गरी बाह्रै मास सवारी चल्न सक्ने बनाइने छ ।

(ग) वडा कार्यालय भवनमा इन्टरनेट लगायतका सुविधा विस्तार गरी सुविधा सम्पन्न बनाइने छ । अधुरा रहेका वडा कार्यालय भवनहरु निर्माण तथा मर्मत सम्भार सम्पन्न गरिने छ । साथै सवै वडा कार्यालयहरुमा वैकल्पिक उर्जा सहितको सुविधाको व्यवस्था गरिनेछ ।

(घ) भूकम्पबाट पीडित भएका तर लाभग्राही सूचीबाट अझैसम्म पनि बञ्चित भएका व्यक्तिहरुलाई लाभग्राही सूचिमा समावेश गर्नका लागि नेपाल सरकार समक्ष पहल गरिने छ । साथै भूकम्प

झक्क नाथ नेपाल
अध्यक्ष

लाभग्राही सूचिमा नाम समावेश भई दोस्रो र तेस्रो किस्ता रकम भुक्तानी नपाएका नागरिकलाई दोस्रो र तेस्रो किस्ता रकम भुक्तानी पाउने व्यवस्था गर्न सम्वन्धित निकाय समक्ष पहल अघि बढाइने छ ।

(ङ) भूकम्पबाट क्षति भएका अझैसम्म निर्माण नभएका विद्यालय भवनहरु निर्माण कार्यको थालनी गरिने छ ।

(छ) अत्यावश्यक स्थानमा झोलुङ्गे पुल निर्माण कार्यलाई तिव्रता दिइने छ ।

(ज) **हाम्रो सडक राम्रो सडक** अभियानका साथ गुणस्तरीय सडक निर्माण कार्यलाई प्रोत्साहित गरिने छ । तोकिएको मापदण्ड अनुरुप उत्कृष्ट कार्य गर्ने उपभोक्ता समिति, निर्माण व्यवसायी र फर्मलाई पुरस्कृत गरिने छ ।

(झ) दीगो विकासको मान्यता अनुरुप सडक मापदण्ड पूर्ण रुपमा पालना गरिनेछ ।

(ञ) मध्य पहाडि लोकमार्गसंग जोडिएका इन्द्रावतीका वस्तीसम्म आवतजावत गर्ने मुल सडकहरु आगामी अ.व. ०७९/०८० भित्रै हिउँद वर्षा दुवै मौसममा सवारी आवगमन हुने व्यवस्था मिलाइने छ । वडा कार्यालय र गाउँपालिकाको कार्यालय जोड्ने मुख्य सडकहरु विना अवरोध निर्वाध सवारी चल्नसक्ने व्यवस्था मिलाइने छ ।

(ट) ग्रामीण विंद्युत खपतको दर बढाउँदै घरेलु प्रयोजनको विद्युत महशुल निशुल्क गर्ने नीति लिइनेछ ।

(ठ) काठेपोल मुक्त पालिकाको रुपमा घोषणा गरिने र विद्युतीय दुर्घटनावाट हुने क्षतिलाई निर्मुल गर्दै नाङ्गो तारलाई केबल तारले क्रमस : विस्थापन गर्दै जाने नीति लिइने छ ।

(ड) अझैसम्म विजुलीबत्तीको सेवाबाट बञ्चित घर तथा बस्तीमा विद्युत सेवा विस्तार गरिने छ ।

(ढ) सडक मर्मत सम्हार कोषमा थप रकम व्यवस्था गरि एकपटक निर्माण सम्पन्न भई विग्रे भत्केका सडकहरुलाई सोही कोषको रकम मार्फत मर्मत सम्हार गरिने छ । सडकमा ढल निकासको रेखदेख गर्न र क्षति हुन नदिने व्यवस्था गर्नका लागि हेरालुको व्यवस्था गरिने छ ।

(ण) भवन निर्माण गर्दा अनिवार्य रुपमा भवन संहिताले तोकेको मापदण्ड अनिवार्य रुपमा पुरा गर्नुपर्ने र नक्सा पास गर्नुपर्ने प्रावधान सुनिश्चित गरिने छ । पहिले बनिसकेका नक्सा नियमित गर्न विशेष व्यवस्था गरिने छ ।

झक्क नाथ नेपाल
अध्यक्ष

(त) इन्द्रावती नदि किनारामा रहेका फाँट तथा टारहरुलाई सिँचाइ सुविधा उपलब्ध गराउँन कम्तीमा ४ ठाउँमा भूमिगत सिँचाइको प्रवन्ध मिलाइने छ । माथिल्ला टार तथा फाँटहरुमा सिँचाईको प्रवन्ध गरि उपादकत्व बढाइने छ ।

(थ) पालिकाकै गौरवको रुपमा रहको इन्द्रावती बृहत खानेपानी आयोजनाको कामलाई तीव्रता दिई समयमै आयोजना पुरा गरी जनताको खानेपानीको आधारभूत माग र आवश्यकतालाई पुरा गर्ने प्रयास गरिने छ । १ घर १ धाराको अभियानलाई व्यवस्थित गरिने छ । सामुदायिक विद्यालय तथा सरकारी कार्यालयमा सुरक्षित र स्वच्छ पिउँने पानीको प्रवन्ध मिलाइने छ ।

(द) पालिका क्षेत्र भित्रका सबै खानेपानी आयोजनाहरुको लगत उतार गरी N-WASH सिस्टममा सुचिकृत गरिने छ । यसै आ.व. भित्र N-WASH Plan बनाई प्राथमिकताको आधारमा आयोजना कार्यन्वयन गरिने छ ।

(द) गाउँपालिका भित्रका सम्पूर्ण सामुदायिक विद्यालय, वडा कार्यालयहरु, स्वास्थ्य कार्यालय तथा इकाईहरु लगायतका सार्वजनिक सेवा प्रदायक कार्यालयहरुमा निशुल्क इन्टरनेट सेवा उपलब्ध गराइने छ ।

ध) **हरित सडकको** अवधारणालाई कार्यान्वयन गर्दै सडकहरुको दायाँ बायाँ वृक्षारोपण गरिनेछ ।

न) गाउँपालिका भित्रका नवलपुर लगायतका बजार क्षेत्र तथा बजार उन्मुख टोल वस्तीका सडकहरुमा वैकल्पिक उर्जा मार्फत **"उज्यालो सडक" कार्यक्रम** तर्जुमा एंव कार्यन्वयन गरिनेछ ।

प) साना साना पानीका स्रोत भएका स्थानहरुमा रिजर्भ ट्याङ्की निर्माण गरी सिँचाई योजनाहरु सञ्चालन गरिने छ ।

फ) गाउँपालिकामा रहेका कृषि सडकहरुको स्तरोउन्नती गर्न थप पहल गरिने छ ।

(व) बस्तीसम्म जाने परम्परागत गोरेटो बाटोको स्तरोन्नती गरिनेछ । निकास, चरन क्षेत्र आदिको संरक्षण गरिने छ ।

झक्क नाथ नेपाल
अध्यक्ष

## २. आर्थिक विकास

### २.१ कृषि तथा पशुपालन

(क) खेती योग्य जग्गा बाँझो राख्न नपाउने गरि खालि जग्गाहरुमा **सामुहिक कृषि** को अवधारण अनुरुप समुंह मार्फत **सामुहिक खेती कार्यक्रम** संचालन गरि स्वरोजगार मुलक कार्यक्रम संचालन गर्न प्राविधीक सहयोग साथै मल र वीऊमा अनुदानका कार्यक्रम सञ्चालन गरिनेछ । उक्त कार्यमा प्रधानमन्त्री रोजगार कार्यक्रम, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना लगायत् अन्य संघ संस्था र दातृ निकायसंग साझेदारी गरिनेछ ।

(ख) जंगली जनावरको आतंकवाट पीडित किसानलाई उक्त आतंकवाट मुक्त गर्न सोही अनुरुपका खेतीवाली लगाउँन प्रोत्साहन गरिनेछ ।

- बैदेशिक रोजगारीवाट फर्किएका रोजगार विहिन भएका २० देखि ४० वर्ष उमेर समुहका युवाहरुलाई व्यवसाय दर्ता गर्दा लाग्ने शुल्क र करमा शत प्रतिशत छुटको व्यवस्था मिलाइने छ । बैंक तथा सहकारीसंगको समन्वयमा त्यस्ता युवालाई विना धीतो विना ब्याजको रु ५ लाख सम्मको ऋण पाउँने प्रवन्ध मिलाइने छ ।
- कृषि तथा पशुपालन कार्यलाई पुर्ण व्यवसायिक वनाउन उत्पादनमा आधारीत **उत्कृष्ठ कृषक विशेष अनुदान** कार्यक्रम अवलम्वन गरिने छ ।
- गाई, भैंसीमा निशुल्क कृतिम गर्भाधानको प्रवन्ध मिलाइने छ । वाखा र वंगुरमा पनि कृत्रिम गर्भाधानलाई प्रोत्साहन गरिनेछ । कृत्रिम गर्भाधानका लागि विज सुरक्षण केन्द्र स्थापना गरिने छ ।
- कृषकले उत्पादन गरेका फलफुल, तरकारी, खाद्यान्न, माछा मासुको वजार प्रवन्ध मिलाइने छ । तुलनात्मक लाभ भएका वस्तुको उत्पादन तथा व्यवसायीकरणलाई अनुदान दिई प्रोत्साहन गर्दै कृषि जन्य पदार्थ सङ्कलन केन्द्र क्रमश निर्माण गर्दै लगिने छ । सहकारी मार्फत उत्पादित वस्तुहरुको बजार सुनिश्चित गरिने छ । लागत मूल्यभन्दा विक्रीमूल्य कम भएमा त्यस्ता किसानलाई राहतको प्रबन्ध मिलाउँने नीति लिइनेछ ।

झक्क नाथ नेपाल
अध्यक्ष

- माटो परीक्षण शिविर संचालन गरि सबै वडाहरुमा माटो सुधार कार्यक्रम सञ्चालन गरिनेछ। सम्भाव्यताका आधारमा पालिकाका १२ वटै वडाहरुलाई कृषि तथा पशुपालन पकेट क्षेत्रको रुपमा घोषणा गरी सो अनुसारका कार्यक्रम लागु गरिने छ।
- कृषि कार्यको लागि आवश्वयक रासायनिक मल, बीऊ तथा उन्नत बिज वितरण तथा सो मा अनुदानको व्यवस्था गरिने छ। रासायनिक मलमा ढुवानीमा अनुदान दिइने छ।
- अर्ग्यानिक कृषि पकेट क्षेत्रको विकासका लागि **<u>एक वडा एक अर्ग्यानिक फर्म</u>** स्थापना गर्न प्राविधिक सहयोग र अनुदानको व्यवस्था गरिनेछ। उक्त जग्गाहरुलाई अन्य प्रयोजनमा समेत प्रयोगमा ल्याइनेछ। सम्भव भएसम्म त्यस्ता फर्महरु सामुहिक रुपमा संचालन गर्न प्रोत्साहन गरिने छ।
- दुग्ध उत्पादनमा प्रोत्साहन गर्न गाउँपालिका भित्र सञ्चालित दुग्ध संकलन तथा प्रशोधन केन्द्र (डेरी)मा दुग्ध विक्रि गर्ने **<u>किसानलाई प्रति लिटर रु.२ अनुदान दिईदै आएकोमा उक्त रकम शत प्रतिशत बृद्धि गरी प्रतिलिटर रु. ४</u>** उपलब्ध गराइने व्यवस्था मिलाइने छ। दुग्ध प्रशोधन गरी दुग्धजन्य उत्पादन गर्न चाहने कृषकको लागि तालिम तथा औजार उपकरणमा अनुदानको व्यवस्था गरिने छ। कम्तीमा २ वडा १ चिलिङ भ्याट स्थापनाको नीति लिइने छ।
- परम्परागत खेति प्रणालीलाई प्रतिस्थापन गरि उत्पादनमा विविधिकरण मार्फत कृषिलाई आधुनिकिकरण वजारीकरणलाइ प्रोत्साहन गरिनेछ ।
- गाँउपालिका स्तरमा रहेका खेतीयोग्य तर जनशक्तिको अभावमा बाँझो रहेका जग्गालाई **<u>भूमि बैंक</u>** स्थापना गरि उक्त बैंकमा जग्गा प्राप्तीको प्रकृया थालिने छ। भुमी बैंकमा प्राप्त हुन आएका जग्गाहरु जग्गाको अभावमा खेतीगर्न नपाएका कृषकहरुलाई सकेसम्म सामुहिक खेती प्रणाली मार्फत परिचालन गर्ने नीति लिइने छ। भूमि बैंकमा आबद्ध हुन चाहने कृषकहरुलाई १ पटकका लागि जग्गाको तिरो तिरानमा विशेष सहुलियत प्रदान गरी प्रोत्साहन गरिनेछ।
- **<u>एक वडा, एक क्षेत्र ,एक उत्पादनको</u>** नीतिलाई प्राथमिकता दिईने छ। हरेक वडाको सम्भाव्यता अध्ययनको आधारमा पकेट क्षेत्रको रुपमा विकास गरि कृषिलाई आधुनिकीकरण र व्यवसायीकरण गरिने छ।

झक्क नाथ नेपाल
अध्यक्ष

- गाँउपालिका क्षेत्र भित्रका कम्तिमा एक हजार पशुहरुलाई विमागर्न आवश्यक बिमा प्रिमियम रकममा ५० प्रतिशत अनुदान दिईनेछ । १ घर कम्तीमा १ पशु भन्ने मान्यताका आधारमा व्यवायिक पशुपालनमा आबद्ध गरिने छ । कृषि सहकारी मार्फत विमाको कार्यक्रम सञ्चालन हुने प्रवन्ध मिलाइने छ ।
- उन्नत नस्लका बोका खरिदमा २० प्रतिशत अनुदान दिईनेछ । गोठसुधार, कार्यक्रम, भकारो सुधार कार्यक्रम, भर्विक कम्पोष्ट मल उत्पादनमा प्रोत्साहन गरिने छ । १ घर १ कृषि यन्त्र मान्यताका साथ यान्त्रिकीकरणमा जोड दिइने छ ।
- उच्च मुल्यका कृषि उपज उत्पादन गर्न यसै वर्ष देखि कृषकहरुलाई लक्षित गरि ५० प्रतिशत अनुदानमा हाइजेनिक टनेल निर्माण कार्यलाई उच्च प्राथमिकता दिइने छ । १ घर १ तरकारीको टनेलको नीति अवलम्बन गरी **प्रत्येक घर उत्पादनमै छ निर्भर** को नारा बमोजिम अघि बढाइने छ । वाली विमामा अनुदानको प्रवन्ध गरिने छ ।
- उन्नत जातका गाइ खरिदमा विशेष अनुदान वितरण गर्ने कार्यक्रमलाइ अगाडी वढाइने छ ।
- हरीयाली प्रवद्धन भुक्षय नियन्त्रण जैवीक विविधता सरक्षण र आम्दानी वृद्धि गर्न अनुदानमा फलफुलका विरुवा वितरण कार्यलाइ निरन्तरता दिइनेछ ।
- कृषकहरुको उत्पादनलाइ लक्षित गरि उत्पादित कृषि उपजलाइ सहज रुपमा वजार सम्म लैजान कृषि एम्वुलेन्स सचालनमा ल्याइनेछ ।
- ५० रोपनीभन्दा बढी जग्गामा कृषि व्यवसाय गर्ने किसानलाई व्यवसायिक विज्ञ प्राविधिक सेवा निशुल्क दिइने छ भने त्यस्ता व्यवसायीलाई मल र बीउमा विशेष सहयोग उपलब्ध गराइने छ ।
- इन्द्रावती गाउँपालिकाको **मर्म जमिनमा कृषि कर्म** नाराका साथ किसानलाई कृषि कर्मका लागि अत्यावश्यक ट्याक्टर लगायतका कृषि यन्त्र तथा उपकरणहरु ५० प्रतिशत अनुदानमा उपलब्ध गराइने छ । साना सिँचाई, थोपा सिँचाई, कृषि पोखरी निर्माण, वर्षद्को पानी संकलन गर्ने पोखरी निर्माण जस्ता कार्यमा सहायता दिइने छ ।

कमक नाथ नेपाल
अध्यक्ष

Scanned with OKEN Scanner

- बँदेल, बाँदर जस्ता जंगली जनावरहरुको नियन्त्रण गरी खेतीमा क्षेती नपुगोस् भन्ने हेतुले सामुदायिक वन क्षेत्रमा केरा, आँप, अम्बा, लिची, चिउरी जातका फलफुलका विरुवा रोपण कार्य गरिने छ ।
- वडा नं.७ मा निर्माणधिन सित भण्डारको निर्माण सम्पन्न गरि उक्त शित भण्डारमा फलफुल तथा तरकारी संकलन र सुरक्षणको कार्य प्रारम्भ गरिने छ ।
- गाउँपालिकामा कम्तीमा **एक नमुना कृषि फर्म** सञ्चालन गर्न यसैवर्षवाट कार्य प्रारम्भ गरी नमुना कृषि पाठशालाको रुपमा विकास गरिने छ ।
- वातावारण र जैविक विविधता समेत अनुकुलन हुनेगरी सबै प्रजातिका फलफुल तथा तरकारीजन्य विरुवा उत्पादन गर्नेगरी कम्तीमा १ **बहुउद्देश्यीय नमुना नर्सरी स्थापना** गरी सञ्चालनमा ल्याइने छ ।
- १२ वटै वडामा तरकारीका विरुवा उत्पादनको नर्सरी स्थापना गरिने छ ।

### २.२ .सहकारी तथा टोल बिकास संस्था

- विपन्न तथा पिछडिएका वर्ग तथा समुदायलाई सहकारीमा संगठित गरी सहकारीलाई सरकार र निजी क्षेत्रको परिपूरकको रुपमा भूमिका खेल्न सक्ने गरी स्थानीय अर्थतन्त्रको सबल स्तम्भको रुपमा विकास गरिनेछ ।
- सहकारी र टोल विकास संस्था मार्फत सिपमुलक, स्वरोजगारमुलक तालिम संचालन गर्नुको साथै अवलोकन भ्रमण सञ्चालन गरी स्वरोजगार, स्वावलम्वी, आत्मनिर्भर नागरीक तयार गर्न जोड दिइने छ । साथै महिला सहकारी विशेष कार्यक्रम संचालन गरिनेछ । सहकारी संस्थाहरुलाई व्यवस्थित गरी डिजिटल प्रणालीमा हिसाब राख्न अनिवार्य गरिने छ ।
- सहकारी संस्थाहरुको नियमित अनुगमन र नियमन गरी सहकारी क्षेत्रमा हुनसक्ने वित्तीय अनुशासन हीनतालाई पूर्णत: निस्तेज गरिने छ ।
- विषय मिल्ने सहकारीहरुको एकिकरणलाई प्रोत्साहीत गरीनेछ ।
- सहकारीमा आधारीत चक्लाबन्दि खेती प्रणालीलाई प्रोत्साहित गरिनेछ ।
- सहकारीमा आधारित सुपथ मुल्य एग्रोभेटलाई सहयोग गरिनेछ ।

कमल नाथ नेपाल
अध्यक्ष

Scanned with OKEN Scanner

- सहकारीका उत्पादनहरुको लेबलिङ, ब्राण्डिङ गरी त्यस्ता सामाग्रीहरुको बजारीकरणका लागि प्रदर्शनी मेला आयोजना गर्न सहयोग गरिने छ । उत्कृष्ट उत्पादनमा आधारित सहकारीलाई पुरस्कृत गरिने छ ।
- गरिबी निवारण कोष अन्तर्गत गठन भएका सामुदायिक संस्थाहरुलाई सहकारी संस्थामा अनिवार्य आबद्ध गरिनेछ ।
- सहकारी ब्यवस्थापन तथा लेखा ब्यवस्थापन तालिमका माध्यमबाट सहकारी संस्थाहरुको क्षमता अभिबृद्धि गरिनेछ ।
- सानाकिसान कृषि सहकारी प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न सहगोग गरिने छ ।
- टोल विकास संस्था गठनको प्रकृया सम्पन्न गरी उक्त संस्थाहरुलाई अनिवार्य रुपमा गाउँपालिका कार्यालयमा दर्ता गर्ने ब्वस्था गरिनेछ ।
- टोल विकास संस्थाहरुको नेतृत्व विकास गरि **सामाजिक व्यवहार सुधार सम्वन्धि कार्यक्रम** संचालन गर्न प्रोत्साहित गरिनेछ ।
- टोल विकास संस्था मार्फत विभिन्न खाले सचेतना र सरसफाई सम्वन्धि कार्यक्रम संचालन गरिनेछ ।

### २.३ घरेलु तथा साना उद्योग

- वडा नं. १० को ठुलीटार क्षेत्रलाई उद्योग ग्रामको रुपमा विकास गरिनेछ ।
- यस गाउँपालिकामा उद्योग कल कारखाना र ठूला व्यवसाय स्थापना र सञ्चालनको लागि लगानी तथा व्यवसाय मैत्री वातावरण सुनिश्चित गरिनेछ ।
- उद्योग निर्माणमा त्रिपक्षीय साझेदारी( प्राइभेट, पब्लिक र सहकारी क्षेत्र) लाई प्रोत्साहन गरिने छ ।
- ठूला व्यवसायीलाई ब्याज अनुदानको ऋण प्राप्त गर्न बैंक तथा व्यवसायीबीच सहजीकरण गरिनेछ । स्थानीय कला, सीप, क्षमता र जनशक्तिको प्रयोगबाट उत्पादित वस्तुहरुको प्रयोगमा जोड दिइने छ ।

झक्क नाथ नेपाल
अध्यक्ष

Scanned with OKEN Scanner

- स्थानीय सिपलाई आधुनिकिकरण र व्यावसायिकरण गर्न स्थानीय सिपमा आधारित र श्रम मुलक घरेलु तथा साना उद्योगहरुको व्यवस्थापन क्षमता विकास र प्रवर्द्धन गर्ने कार्यहरु संचालन गरिनेछ ।

- परम्परागत पेशा वा सो संग सम्बन्धित सीपको सम्बर्द्धन र विकास गरी तिनलाई व्यवसायको रुपमा विकास गरिनेछ ।

- श्रम मुलक घरेलु तथा साना उद्योगहरुको विकास गरि रोजगारी सिर्जनामा सहयोगको लागि गाउपालिकाबाट **तालिम र घुम्तिकोषको** व्यवस्था गरिनेछ ।

- महिला उद्यमीहरुको पहिचान र विकासका लागि विभिन्न शिपमुलक तालिमका साथै विउपुँजी अनुदान र प्रविधि हस्तान्तरण गरिनेछ । र उद्यमी समुह दर्ता र परिचालन गरिनेछ ।

- गाँउपालिका स्तरमा लघु उद्यम बिकास कार्यक्रम संचालन गरि साना, घरेलु तथा लघु उद्यमहरुको बिकास गर्न शिप, प्रविधि र बिउपुँजि उपलब्ध गराउने निति लिईनेछ ।

- स्थानीय कच्चा पदार्थमा आधारित लघुउद्यम सञ्चालन गरि स्वरोजगार बनाउने साथै मुल्य श्रृंखलालाई सहकारी मार्फत अगाडी बढाईनेछ ।

- यस गाउपालिका भित्र रहेका वेरोजगार तर उद्यमी सोच भएका यूवाहरुलाई लक्षित गरि गाउँपालिकाको उपयुक्त स्थानमा लागत साझेदारीमा गारमेन्ट उद्योग संचालनमा ल्याइनेछ ।

- गाउँपालिका भित्र लघु तथा घरेल उद्योग मार्फत स्थानीय पहिचान झल्काउँने उत्पादित सामाग्रीहरुको संकलन गरी बिक्री वितरणका लागि कोसेली घर सञ्चालनमा ल्याइने छ ।

- गाउँपालिका भित्र सञ्चालित लघु, घरेलु तथा सबैखाले व्यवसायलाई अनिवार्य रुपमा पालिका कार्यालयमा दर्ता तथा नवीकरण गरी करको दायरा भित्र समेटिने छ । साथै यसरी पालिकामा दर्ता हुन आएका व्यवसायीहरुलाई मात्र पालिकाले दिने सहयोग तथा अनुदान उपलब्ध गराइने छ ।

- वडा नं. २ मा सहकारी मार्फत लप्सी प्रशोधन उद्योग स्थापना गरी कम्तीमा १० जना युवालाई रोजगारी सिर्जना गरिने छ ।

झमक नाथ नेपाल
अध्यक्ष

- २ वडा बराबर कम्तीमा एक मभ्फौला उद्योग स्थापना गर्ने नीति लिइनेछ ।

## २.४ पर्यटन विकास

- पर्यटकीय गुरुयोजना तयार भैसकेको क्षेत्रहरुमा क्रमश प्राथमिकताका आधारमा संरचनाहरु बनाउन सुरु गरिनेछ ।
- उच्च आर्थिक वृद्धि र रोजगारीको सम्भावना वोकेको पर्यटन क्षेत्रको विकासका लागि ऐतिहासिक महत्वका स्थानहरु नौलिङ्गेश्वरी महादेव, अनन्त बुद्ध विहार ; नयाँ पानि , सतिको मानें ,रणनैनेश्वर महादेव, खडपुरेश्वर महादेव, गौखुरेश्वर महादेव, अभयानन्द गुफा, हवेली दरवार, बुद्ध रिक्रिएसन पार्क, गंगुर घ्याङ, गैह्रे घ्याङ लामा गुफा, रानी ओडार, चिल्ड्रेन पार्क, बुढीचौर, गजाधर भिमेशेन मन्दिर , चन्द्रावती एकादशी मेला ,अक्षश्वर महादेव मन्दिर , वालदेवी मन्दीर , पातलको देवी सातकन्या पाच कन्या ,दारे गौडा देवी थान ,जोगीडाडा सरस्वती मेला , सिंगेश्वरी महादेव मेला , नौलिगेश्वरी महादेव, भोर्लेकोट घ्याङ, कमलादेवी मन्दिर, गोल्माथान लगायत क्षेत्रको संरक्षण र विकासका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ । ईन्द्रावती गाउँपालिका वडा नं. ४ स्थित नवलपुरमा निर्मित भुकम्प स्मारक भृकुटी शान्ति पार्कमा हरेक वर्ष वैसाख १२ गते भूकम्पमा दिवंगतहरुको सम्भनामा विशेष कार्यक्रम गरी स्मरण गरिनेछ ।
- वडा नं. ५ मा रहेको १२ वर्षको हिँउदको समयमा पानी पलाउँने ऐतिहासिक नयाँपानी क्षेत्रमा धार्मिक तथा पर्यटन महोत्सव आयोजना गरी पर्यटन प्रवर्धन गरिने छ । उक्त क्षेत्रको विकास र विस्तारका लागि आवश्यक पूर्वाधार निर्माण गरिने छ ।
- पुरातात्विक महत्वका मठ, मन्दिर, गुम्बा तथा चर्चहरुको संरक्षण र संम्बर्द्धन गरी धार्मिक, साँस्कृतिक पर्यटकहरुको आर्कषण बढाईनेछ ।
- प्रत्येक वर्ष जनै पूर्णिमाको दिनमा लाग्ने नौलिंगेश्वरी जात्रा, तीजमा लाग्ने रणनैनेश्वर महादेवको जात्रा,, ऐसेलुखर्क, नवलपुर लगायतका स्थानमा नेवारी समुदायको विशेष जात्रा गाइजात्रा, लाखेजात्रा......... लगायत जात्राहरुको प्रचार प्रसार गरी आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षण गरिने छ ।

झम्क नाथ नेपाल
अध्यक्ष

- वडा नं. ५ मा रहेको गोल्मेश्वर गुफामा ऐतिहासिक तथा पुरातात्विक तथ्यको अध्ययन, अन्वेषण गरी पर्यटन प्रवर्द्धन गर्नको लागि गुरु योजना बनाई आवश्यक कार्य प्रारम्भ गरिने छ ।
- साँस्कृतिक रुपले धनी यस गाउँपालिकाको नौलिंगेश्वरी, गुफाडाँडा क्षेत्र तथा वडा नं. ११ र १२ को माझी एवम् दनुवार संस्कृतिलाई लक्षित गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय पर्यटकहरु आकर्षण गर्न होमस्टे, गुम्वास्टे र होटलस्टेको व्यवस्थाका लागि स्थानीय वासिहरुलाई आवश्यक सीप प्रदान गरिनेछ । यसवाट स्थानीय वासीहरुको आय आर्जनमा वृद्धि गर्ने नीति लिईएकोछ । गाउँपालिकामा पर्यटन प्रवर्द्धनका लागि नेपाल पर्यटन वोर्ड संगको सझेदारीमा तर्जुमा गरिएको एकीकृत पर्यटन गुरु योजना कार्यान्वयमा ल्याईनेछ ।
- यस गाउँपालिकामा बसोबास गर्ने तामाङ, शेर्पा, ह्याल्मो, भुजेल, गुरुङ, मगर, कुँवर(फेरी लगाउँने जोगी) लगायतका आदिवासी जनजातिहरुको संस्कृति प्रवर्द्धन गरी पर्यटकीय आक्रर्षणको केन्द्रका रुपमा विकास गरिने छ ।
- नवलपुरबाट लहरेमाने, गुफाडाँडा, नौलिङ, ओखेनी पर्यटन पदमार्गको विकास गरिने छ । साथै छिमेकी पालिकासंग समन्वय गरी अन्तर पालिका पर्यटन प्रवर्द्धनमा जोड दिई गुफाडाँडा र पाँचपोखरीको गन्तव्य मार्गका रुपमा इन्द्रावतीलाई विकास गरिने छ ।
- पर्यटकलाई आकर्षषण गर्नका लागि नमुना बस्ती विकासको अवधारण बमोजिम स्थानीय जाति र संस्कृति झल्किने गरी एकीकृत बस्ती विकास गरिने छ ।
- गाउँपालिका भित्र वहु सास्कृतिक संग्राहालय स्थापना गरिने छ ।

## २.५.खानेपानी तथा सरसफाई

- निर्माणको चरणमा रहेका विभिन्न बृहत खानेपानी योजनाहरु यसै आ.व.मा सम्पन्न गर्ने गरि रकम बिनियोजन गरी सम्पन्न गरिने छ । सम्पन्न भई संचालनको तयारीमा रहेका आयोजनाहरु तुरुन्त संचालन गर्न आवश्यक प्रबन्ध मिलाईनेछ ।
- इन्द्रावती वृहत खानेपानी आयोजनाको कामलाई थप गति दिई समयमा सम्पन्न गर्न पहल गरिने छ । आयोजनाले समेट्न नसकेको क्षेत्रलाई पुनः अध्ययन गरि आयोजना क्षेत्रमा समेटिने

झक्क नाथ नेपाल
अध्यक्ष

छ। उक्त आयोजना पुरा नहुँदासम्मका लागि आवश्यकता र मागका आधारमा तत्कालका लागि विशेष व्यवस्था गरिनेछ।

- गांउपालिका स्तरीय **खानेपानी उपभोक्ताहरुको सञ्जाल** गठन गरिने छ। उक्त सञ्जाल मार्फत सम्पुर्ण योजनाहरुलाई दिगो एवं भरपर्दो रुपमा संचालनको व्यवस्था मिलाईनेछ। खानेपानी मर्मत संभार कोषलाई वृद्धि गरि विग्रे भत्केका आयोजनाहरुको मर्मत सुधारका कार्य यसै कोष मार्फत गरिने छ।
- इन्द्रावती गांउपालिकालाई पूर्ण सरसफाई युक्त पालिका बनाउनको लागि खानेपानी तथा सरसफाईका क्षेत्रमा कार्यरत सरकारी, गैरसरकारी तथा निजी क्षेत्रहरुसंग समन्वय र सहकार्य गरी **पूर्ण सरसफाईका पाँच प्लस एक** सूचकहरुलाई पूर्ण रुपमा कार्यान्वयनमा ल्याउन पहल गरिनेछ।
- फोहरमैला व्यवस्थापनका लागि उपयुक्त स्थान छनौट गरी आवश्यक कार्य अघि बढाइने छ। फोहर व्यवस्थापनका लागि जनचेतनामुलक विशेष कार्यहरु सञ्चालन गरिने छ। कुहिने फोहरबाट कम्पोष्ट मल बनाउँन अभिप्ररित गरिनेछ।
- सार्वजनिक स्थलहरुमा फोहर राख्ने डस्टविन राखिनेछ। उक्त डस्टविनमा नकुहिने फोहरमात्र फाल्ने व्यवस्था मिलाइने छ। फोहर मैला संकलन तथा व्यवस्थापन पद्धति (MRF) अवलम्बन गरिने छ।
- खानेपानीका मुहानको संरक्षण गर्न उच्च जलाधार क्षेत्र तथा सीमसार क्षेत्रमा वृक्षारोपण तथा भूक्षय नियन्त्रण कार्यक्रम सञ्चालन गरिने छ। खानेपानीका मुहान क्षेत्रको सरसफाईमा विशेष ध्यान पुर्याइने छ।

**३.सिचाई**

- कृषि पकेट क्षेत्रहरुको पहिचान गरी **जनसहभागितामा आधारित सिचांई कार्यक्रम** निरन्तर सञ्चालन गरिनेछ।
- संघ, प्रदेश तथा स्थानीय सरकारको सह लगानीमा संचालन हुने बृहत सिचाई आयोजनाका साथै पालिका स्तरबाट संचालन हुने साना सिचाई कार्यक्रमलाई समेत प्राथमिकतामा राखिनेछ।

झक्क नाथ नेपाल
अध्यक्ष

Scanned with OKEN Scanner

- निर्माणाधिन सिचाईं आयोजनालाई प्राथमिकता दिईनुका साथै पुरा भैसकेका योजनाहरुको मर्मत सम्भार कार्य गर्दै पारदर्शि बनाउनको लागि उपभोक्ता समितीलाई तालिमद्धारा सक्षम बनाइनेछ ।
- सिचाइ सुविधा कम भएका इन्द्रावती नदी किनारका कम्तीमा ४ स्थानमा कृषि क्षेत्रहरुमा डिप बोरिङ तथा लिफ्टिङ सिचाई आयोजनाहरु संचालन गर्न भूमिगत जल सिँचाई आयोजना लगायतका साझेदार निकाय संगको समन्वयमा निर्माण गरिनेछ ।

**३.१.बैकल्पिक उर्जा**

**"घर भित्रको वायु प्रदुषण मुक्त"**गाउपालिका घोषणा गर्ने अभियानको थालनी गर्न निम्न कार्यक्रम हरुलाई साझेदार व्यक्ति/निकायसंगको समन्वयमा उचित अनुदानको व्यवस्था गरिनेछ ।

- विद्युतीय चुलो प्रवर्द्धन कार्यक्रम सञ्चालनमा ल्याइने छ । विद्युतीय चुलोको खरिदमा विशेष अनुदानको व्यवस्था गरिने छ ।
- सुधारिएको चूलो जडान ।
- गोबरग्याँस प्लान्ट स्थापना
- सौर्य उर्जाको प्रवर्द्धन ।

**३.२ युवा तथा खेलकुद**

- गाउँपालिका स्तरीय खेलकुद परिषद् गठन गरी पालिकाले सञ्चालन गर्ने सबै प्रकारका खेलकुदका कार्यक्रमहरु यसै परिषद् मार्फत सञ्चालन हुने प्रवन्ध मिलाइने ।
- युवा लक्षित स्वरोजगारमूलक, सीपमूलक र क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ । बैदेशिक रोजगारीबाट फर्किएका युवाहरुलाई स्वरोजगार बन्न चाहेमा अनुदानको विशेष व्यवस्था गरिने छ ।
- यस गाउँपालिकावाट प्रत्येक वर्ष संचालन भइरहेको अध्यक्ष कप फुटवल प्रतियोगिता र राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगितालाई निरन्तरता दिइनेछ ।

झक्क नाथ नेपाल
अध्यक्ष

- पालिका स्तरमा कम्तीमा एक कवर्ड हल, व्यायामशाला तथा योग साधना केन्द्रको निर्माण गरी सञ्चालनमा ल्याइने छ । १२ वटै वडामा हेलिप्याड सहितको कम्तीमा एक खेलकुद मैदान निर्माण गरिने छ ।
- इन्द्रावती गाउँपालिका युवा परिषद् गठन गरि युवा लक्षित कार्यक्रमहरु, युवा सम्बन्धी नीति यसै मार्फत तर्जुमा गरि सञ्चालन गरिने छ ।
- राष्ट्रिय युवा परिषद र प्रदेश युवा परिषद् संगको सहकार्य र समन्वयमा नमुना युवा संसद सम्वन्धि अभ्यास गरिने छ ।
- पालिकामा स्थायी घर भएका राष्ट्रिय तथा आन्तर्राष्ट्रिय खेल जीवनमा पदक जितेका खेलाडिहरुलाई सम्मान गरिने छ ।
- युवाहरुमा रोजगारीको अवसर वृद्धि गर्नका लागि गाउँपालिकाको केन्द्रमा सेवा आयोगको तयारी कक्षा सञ्चालन गर्न सहयोग गरिने छ ।
- युवा क्लवहरुको गठन र परिचालनमा विशेष सहयोग पुर्याइने छ ।
- युवाहरुलाई क्षमता विकासका साथै आयआर्जनमुलक कार्यमा जोड्न पद्दै कमाउँदै कार्यक्रम अभियानकै रुपमा अघि बढाइने छ ।
- खेलकुदलाई व्यवसाय बनाउँन चाहने युवाहरुका लागि खेलकुद प्रशिक्षणको व्यवस्था मिलाइने छ ।

## ४. बातावरण तथा विपद व्यवस्थापन

### ४.१ वन, वनस्पति, भू संरक्षण र वातावरण

- विकास आयोजना सञ्चालन गर्दा वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने परिपाटीलाई संस्थागत गर्दै लगिनेछ । साथै जलवायु परिवर्तनको नकारात्मक असरलाई न्यूनीकरण गर्न सम्बन्धित निकायहरुको सहकार्यमा विशेष कार्यक्रम सञ्चालन गर्न आवश्यक पहल गरिनेछ ।
- हावापानी कार्यालय सँग समन्वय गरि गाउँपालिकाको वडा नं ४ वडा नं ८ र वडा नं १२ सम्म हावापानिको मापन गर्ने यन्त्र जडान गर्न पहल गरिनेछ ।

इन्द्रावती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जलबिरे, सिन्धुपाल्चोक बागमती प्रदेश नेपाल २०७३

- गाउँपालिका स्तरका हरेक कार्यक्रम तथा आयोजना सञ्चालन गर्दा वातावरण मैत्री बनाई गाउँपालिकामा **वातावरण मैत्री स्थानीय शासनको अवधारणा**लाई कार्यान्वयन तहमा उतार्ने प्रयास गरिनेछ ।
- सामुदायिक वन उपभोक्ता समुह तथा कबुलियती वन समुहहरुसंगको सहकार्यमा वृक्षारोपण र वन संरक्षण र व्यवस्थापनका कार्यक्रम सञ्चालन गरिनेछ ।
- ऐलानी, पर्ती, सार्बजनिक जग्गा यकिन गरी त्यस्ता जग्गाको संरक्षण गरिनेछ । अतिक्रमित जग्गा खालि गराउने तथा खालि जग्गाहरुमा घेरावार गर्ने कार्यलाई प्राथमिकताका साथ यसै वर्ष थालनी गरिनेछ । यस्ता सावर्जनिक जग्गामा सामुहिक रुपमा उत्पादनमुलक कार्य सञ्चालनमा प्रोत्साहन गरिने छ ।
- वर्षौंदेखि ऐलानी जग्गा जोतभोग गरी आएका धनीपूर्जा नभएका इन्द्रावती नदी किनारका किसानहरुलाई आवश्यक प्रक्रिया पुरा गरी धनीपूर्जा वितरण गर्न पहल गरिने छ ।
- विपद व्यवस्थापन संग सम्वन्धित सरकारी तथा गैरसरकारी निकाय संगको समन्वयमा प्रभावकारी विपद व्यवस्थापनको लागी कार्ययोजना बनाई लागू गरिने छ । जोखिम युक्त स्थानमा रहेका एवम् जंगल सिमाना जोडिएका संकटापन्न क्षेत्रमा वसोवास गर्ने तथा बाढी, पहिरो पिडित तथा विस्थापित परिवारलाई स्थानान्तरण वा पुर्नस्थापना गरिनेछ ।
- **विपद व्यवस्थापन कोष सञ्चालन निर्देशिका** वमोजिम विपदवाट प्रभावित परिवारलाई राहत तथा उद्दार कार्यक्रम सञ्चालन गरिनेछ ।
- विपद् व्यवस्थापनमा युवाहरुलाई परिचालन गर्ने नीति लिइने छ ।
- आपतकालीन कार्य सञ्चालन केन्द्र स्थापना गरि विपद्को समयमा सोही केन्द्रबाट विपद्को पूर्व सूचना, खोज, उद्धार तथा राहतका कार्यक्रम सञ्चालन गरिने छ ।
- वडा तहमा विपद् व्यवस्थापन समिति वनाई क्रियाशील बनाइने छ ।
- पालिका तथा वडा तहमा अत्यावश्यक खोज तथा उद्धार र राहतका सामाग्रीहरुको भण्डारण गरिने छ । समुदाय तहमा युवाहरुलाई विपद् व्यवस्थापन सम्बन्धी तालिमको व्यवस्था गरिने छ ।

कमक नाथ कोपाल
अध्यक्ष

Scanned with OKEN Scanner

- वडा तथा पालिका स्तरमा विपद् तथा जलवायु उत्थानशील योजना निर्माण गरी कार्यन्वयन गरिने छ ।
- जलबायु अनुकुलन तथा जैबिक बिबिधता सम्बन्धि बिशेष योजना बनाई कार्यक्रम संचालन गरिने छ ।
- यस इन्द्रावती गाँउपालिकाका केही क्षेत्रहरु चट्याङका दृष्ट्रीकोणले अति संवेदनशिल क्षेत्र देखिएको हुँदा यसबाट हुने जनधनको क्षेती न्यूनिकरण गर्न आवश्यक कार्यक्रम पहिचान गरि कार्यन्वयन गरिने छ ।
- **बन पैदाबरमा आधारित काष्ठ तथा जडिबुटिजन्य उद्योग** संचालनको लागि मापदण्ड लगायतका व्यवस्था परिमार्जन गरी सहजिकरण गर्न नेपाल सरकार समक्ष अनुरोध गरिनेछ ।
- नदीजन्य लगायत प्राकृतिक श्रोतमा आधारित कच्चा पदार्थको उत्खनन्, प्रशोधन तथा निकासी कार्यलाई मापदण्ड बनाई कार्यान्वयन गरिने छ ।
- गाउँपालिका भित्र हरियाली प्रवर्द्धन, वृक्षारोपण तथा वन विस्तार एवं वातावरण मैत्री बनाउन जोड दिईनेछ । ग्रीन सिटीको रुपमा विकास गरिनेछ । वन क्षेत्रको वैज्ञानीक एवं दिगो व्यवस्थापन गरी महत्वपूर्ण वनस्पति एवं जडीवुटिको विकास र विस्तार गरिनेछ । जलवायु अनुकुलन र पर्यावरण संरक्षण कार्यकमलाई जोड दिइनेछ । क्रमिक रुपमा १२ वटै वडालाई वातावरणमैत्री वडा र वातावरण मैत्री गाउँपालिका घोषणा गर्नका लागि आवश्यक कार्य गरिनेछ ।
- गाउँपालिका भित्रका पोखरी, ताल तलैया, वरपिपल चौतारीको संरक्षण र सम्वर्द्धन गरिनेछ । प्रदुषण नियन्त्रणको लागि वातावरणीय मापदण्डहरु निर्माण गरिनेछ । सामुदायिक वन उपभोक्ता समुहहरुसंगको सहकार्यमा सामुदायिक वन क्षेत्रमा बाँस, निगालो, अम्रिसो, अलैंचीमा आधारित उद्यमहरुको विकास गरिनेछ । सुरक्षित रिचार्च पोखरी निर्माण गरिनेछ ।
- विपद् व्यवस्थापनलाई सहज वनाउन गाउँपालिकामा विपद् व्यवस्थापन कोषमा आवश्यक रकम विनियोजन गरिनेछ, विपद्को आवश्यक पूर्व तयारी तथा विपद्ध पश्चात उद्धार, राहत

तथा पुर्नस्थापनामा जोड दिइनेछ । साथै विपद व्यवस्थापन गुरु योजनालाई क्रमिक रुपमा कार्यान्वयन गरिने छ ।

- सामुदायिक वनहरुमा अमिलो जातको विरुवा रोप्ने कार्य , दाते ओखर ,तितेपाती, टिमुर, निम, अलैंची, धसिंग्रे जातका जडिबुटी खेतीलाई प्रवर्द्धन गरी आयआर्जन र वातावरण व्यवस्थापन गरिनेछ ।

**५. सामाजिक विकास**

**५.१. बस्ती तथा शहरी बिकाश**

- **राष्ट्रिय भुमिहिन तथा सुकुम्बासी समस्या समाधान आयोग** संगको सहकार्यमा भुमिहिन सुकुम्वासी , भुमिहिन दलित तथा अव्यवस्थित बसोबासीको लगत संकलन, जग्गा पहिचान तथा जग्गा नापजांच कार्यको गत वर्ष सुरु भएको कार्यलाई निरन्तरता दिई भूमिहीन सुकुम्बासीलाई पुर्जा वितरण गरिनेछ ।
- संघ तथा प्रदेश सरकारको समन्वयमा बसोबासका लागि सुरक्षित पर्ति जग्गा छनौट गरि भुमीहिन सुकुम्बासीहरुलाई एकिकृत बस्ती निर्माण गरि बसोबासको प्रबन्ध मिलाउँन पहल गरिनेछ ।
- **भू उपयोग नीति** तयार पारी ब्यबस्थित बस्ति तथा कृषि र संरक्षण योग्य जमिन पहिचान गरीनेछ ।
- **जोखिम वस्तिहरुको पहिचान गरि त्यस्ता वस्तिहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने कार्य संघिय सरकार प्रदेश सरकार र गाउँपालिकाको सहाकार्यमा गरिनेछ ।**

**५.२ .शैक्षिक विकास कार्यक्रम**

- शिक्षामा सवैको पहुँच कार्यक्रम सञ्चालन गरी विद्यालयभन्दा बाहिर कोहीपनि वालबालिका नरहँने कुरालाई सुनिश्चित गरिनेछ ।
- गाउँ शिक्षा ऐन २०७५ वमोजिम मा. वि. तह सम्मको शिक्षा पूर्णतः निशुल्कः गरिनेछ । शैक्षिक विकास कोषको स्थापना गरिने छ । गाउँपालिका भित्र संचालित २ वटै सामुदायिक क्याम्पसमा विद्यार्थी अनुपात बढाउँन विशेष अभियान सञ्चालन गरिनेछ । +२ गरिसकेका विद्यार्थीले

जनक नाथ नेपाल
अध्यक्ष

Scanned with OKEN Scanner

अनिवार्य रुपमा स्नातक पढ्ने वातावारण मिलाइने छ । यसका लागि २ वटा सामुदायिक क्याम्पसमा विशेष अनुदानको व्यवस्था गरिनेछ ।

- आधारभूत तहमा स्थानीय पाठ्यक्रम वनाई लागु गरिने छ । कक्षा १ देखि नै अंग्रेजी माध्यमबाट पठन पाठनको व्यवस्था मिलाई सवै प्रकारका पाठ्यपुस्तक निशुल्क उपलब्ध गराइने छ ।
- शिक्षा क्षेत्रको विकासको लागि विद्यालयको भौतिक पूर्वाधार सुधार, खानेपानी, फर्निचर लगायत कक्षा १ देखि १० सम्मका सवै विद्यार्थीहरुका लागि पोशाक निशुल्क उपलब्ध गराउँन सहयोगी संस्थाको खोजी गरि प्राथमिकताको आधारमा कार्यान्वयन गरिनेछ ।
- शैक्षिक तथा खेलकूद सामाग्री वितरणको कार्यक्रम सञ्चालन गरिनेछ ।
- नेपाल सरकार तथा वागमती प्रदेश सरकार संगको सहकार्यमा आधारभूत तहका विद्यार्थीले पाउँदै आएको दिवा खाजाको रकम वृद्धि गर्न वास्तविक विद्यार्थीहरुको उपस्थिति र आवश्यक नियमन गरि रकम वृद्धि गरिनेछ
- विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका पदाधिकारीहरुको संस्थागत क्षमता अभिवृद्धि गर्नुका साथै शिक्षक तथा विद्यार्थीहरुको अभिलेख व्यवस्थापनलाई प्रविधी मैत्री बनाइनेछ ।
- शिक्षक विद्यार्थी अनुपातका आधारमा शिक्षक दरवन्दी कम भएका विद्यालयलाई विद्यार्थी संख्याका आधारमा **शैक्षिक व्यवस्थापन अनुदान** प्रदान गरिनेछ । विद्यालय मर्ज भएर दरवन्दी मिलान गर्दा विद्यार्थी संख्या, कक्षागत संरचना र विषयगत विज्ञतालाई आधार मानिनेछ ।
- उत्कृष्ठ विद्यालय, शिक्षक तथा उत्कृष्ठ अंक प्राप्त गर्ने छात्रछात्रालाई पुरस्कृत गरिनेछ ।
- भेटेनरी, सिविल इन्जिनियरिङ लगायत प्राबिधिक शिक्षालयहरु स्थापना गरि संचालनमा सहयोग पुर्याईने छ । कम्प्युटर र कृषि प्राविधिक पठन पाठन हुने विद्यालयको पुवांधार विकासमा थप अनुदानको व्यवस्था मिलाइने छ ।
- बाल बिकास सहजकर्ता र बिद्यालय कर्मचारीले प्राप्त गर्दै आएको सुविधामा गाँउपालिकाको तर्फबाट थप रकम उपलब्ध गराई नेपाल सरकारले तोकेको न्युनतम पारिश्रमिक पाउने व्यवस्था गरिने छ ।

कमल नाथ नेपाल
अध्यक्ष

- यस गाउँपालिकामा रहेका सवै विद्यालयहरुमा स्काउट, बाल क्लवको स्थापना र सञ्चलनको लागि आवश्यक वजेटको व्यवस्था गरिनेछ ।
- समुदाय स्तरमा सामुदायिक पुस्तकालय तथा अध्ययन केन्द्र स्थापना गरी सञ्चालनको व्यवस्था मिलाइने छ । विद्युतीय पुस्तकालयको स्थापना र सञ्चालनमा विशेष जोड दिइने छ ।
- समायोजनमा गएका विद्यालयहरुको भवन तथा सम्पत्ति संरक्षण गरिने छ । समायोजन भएका विद्यालयको फर्निचर लगायतका सामानहरु आवश्यकताका आधारमा अर्को विद्यालयमा प्रयोगमा ल्याउँने व्यवस्था गरिने छ ।
- पालिका स्थायी घर भई विद्यावारिधी पुरा गरेका व्यक्तित्वहरुको सम्मान गरी पुरस्कृत गरिने छ ।
- आर्थिक रुपले विपन्न तथा अभिभावक गुमाएका वालकालिकालाई छात्रवृत्ति प्रदान गरी कम्तीमा स्नातक तहसम्मको पठन पाठनको व्यवस्था गर्न **टुहुरासंग अध्यक्ष** कार्यक्रम सञ्चालन गरिनेछ ।
- अपाङ्गता, अशक्त तथा शारीरिक रुपमा फरक क्षमता भएका बालवालिकाको कम्तीमा आधारभूत तहको पठन पाठनका लागि ऐंसेलुखर्क मा.वि.मा आवश्यक पुर्वाधार खडा गरि आगामी शैक्षिक सत्रबाट आवासीय पढाई प्रारम्भ गरिने छ ।
- गाउँपालिकामा सञ्चालित सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुसंग कार्यसम्पादन सम्झौता गरी शैक्षिक उपलब्धी हासिल गरिनेछ ।
- १२ कक्षासम्म अध्ययन गर्ने छात्राहरुलाई निशुल्क रुपमा स्यानिटरी प्याड उपलब्ध गराउँने व्यवस्था मिलाइने छ । प्रयोग गरिएका स्यानिटरी प्याडको नष्ट गर्ने आवश्यक प्रवन्ध मिलाइने छ । सबै विद्यालयलाई वालमैत्री विद्यालयका रुपमा विकास गरिने छ ।
- एक विद्यालय एक करेसाबारी तथा हरेक विद्यालय एक फुलबारीको अवधारणा बमोजिम विद्यालयमा फुलबारी र करेसाबारी निर्माणमा जोड दिइने छ । नमुना विद्यालयको अवधारणलाई निश्चित मापदण्ड वनाई कार्यन्वयन गरिने छ ।
- वागमती प्रदेश सरकारसंगको समन्वय र साझेदारीमा एक विद्यालय एक नर्स कार्यक्रमलाई निरन्तरता दिई यस वर्ष थप माध्यमिक विद्यालयमा विस्तार गरिने छ ।

झक्क नाथ नेपाल
अध्यक्ष

- पालिकावाट एसईई परीक्षामा उत्कृष्ट अंक हासिल गरेको विद्यार्थीले माथिल्लो कक्षामा प्राविधिक शिक्षा अध्ययन गर्न चाहेमा स्नातक तहसम्मको निजको शैक्षिक शुल्कः गाउँपालिकाको तर्फवाट व्यहोरिने छ। विपन्न नागरिक मध्येका उत्कृष्ट १ छात्र र १ छात्रालाई उच्च शिक्षा हासिल गर्न शैक्षिक छात्रवृत्तिको विशेष व्यवस्था गरिने छ।
- सिपातिनघरे संस्कृत मा.वि.मा गुरुकुलिय शिक्षा पद्धतिको माध्यमवाट पठनपाठन गराइ संस्कृत भाषा र साहित्यको संरक्षण र संवर्द्धनमा विशेष जोड दिइनेछ।
- विद्यालय बसको व्यवस्था गर्न पहल गरिने छ। समायोजनमा गई दुरीका कारण विद्यार्थीले बीचैमा पढाई छोड्ने वातावरण बन्न नदिनका लागि आवशासिय विद्यालयको स्थापना गरिने छ।
- इन्द्रावती गाउँपालिका भित्र मा.वि. विहीन वडाहरुमा प्राविधिक धारको माध्यमिक कक्षा सञ्चालनको पहल गरिने छ।
- गाउँपालिका वाल विकास गर्न आवश्यकताको अध्ययन गरि वाल विकास केन्द्र संचालन गरिनेछ।
- शैक्षिक गुणस्तर अभिवृद्धिका लागि शिक्षक क्षमता विकास, वि.व्य.स. क्षमता विकास, शैक्षिक मामाग्री तथा कक्षा कोठाको व्यवस्थापन गरी शैक्षणिक मूल्यांकन पद्धतिलाई प्रभावकारी वनाइने छ।
- निजी क्षेत्रवाट यस गाउँपालिकाको शिक्षा क्षेत्रको गुणस्तरियता कायम गर्न खेलेको भुमिकाको उच्च मुल्यांकन गर्दै निजी क्षेत्रवाट खुलेका शैक्षिक संस्थाको विकासको लागि गाउँपालिकावाट अनुगमन मुल्यांकन लाई गाउँपालिकावाट निरन्तरता दिइनेछ।

## ५.३ .स्वास्थ्य सेवा

- सम्भावित महामारीवाट सर्जना हुनसक्ने सम्भावित जोखिमप्रति पूर्व तयारीलाई प्राथमिकता दिई **मानव जीवन बचाउने** अभियानलाई पहिलो प्राथमिकता दिईनेछ।
- वडा नं ४ मा रहेको नवलपुर अस्पतालमा सेवा विस्तार गरी थप सुविधा सम्पन्न गरिनेछ। आवश्यक मात्रामा स्वास्थ्यकर्मीहरुको व्यवस्था गरि थप क्षमता अभिवृद्धि गरिनेछ।

कमक नाथ नेपाल
अध्यक्ष

- नेपाल सरकारबाट प्राप्त हुने सबै प्रकारका औषधीहरु जुनसुकै स्वास्थ्य इकाइहरुबाट सहज रुपमा निशुल्क पाउने व्यवस्था सुनिश्चत गरिनेछ ।
- स्वास्थ्य सेवालाई अझ विश्वासिलो, भरपर्दो र पहुँचयोग्य वनाउन तथा वर्तमान परिस्थितीसंग सामना गर्नसक्ने वनाउन प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीहरुलाई आवश्यकतानुसार सुविधायुक्त वनाउँदै लगिनेछ । स्वास्थ्य संस्थाहरुमा इन्टनेट सुविधा विस्तार गरि अनलाइन परामर्श सेवा उपलब्ध गराइनेछ । स्वास्थ्य संस्थाहरुमा खानेपानी, विद्युत तथा शौचालयको यथोचित प्रवन्ध गरी विरामीमैत्री वातावरण निर्माण गरिनेछ ।
- राष्ट्रिय महिला स्वास्थ स्वयंसेविकाहरुको सेवाको उचित मूल्यांकन गरिनुको साथै उनिहरुको क्षमता अभिवृद्धी तालिम संचालन र <u>**राष्ट्रिय महिला स्वास्थ्य स्वयंसेविका कोष**</u> लाई व्यवस्थित गरिनेछ । उनीहरुलाई प्रोत्साहन भत्ता स्वरुप मासिक थप रु १०००। एक हजार उपलब्ध ग[illegible]इने छ ।
- उपाध्यक्षसंग सुत्केरी कार्यक्रम अन्तर्गत आमाहरुको प्रसुती स्वास्थ संस्थामा गराउने सुनिश्चितताका लागि महिलाले दुई वटा सम्म सन्तान स्वास्थ्य संस्थामा प्रसुती गराउदा नेपाल सरकारले उपलब्ध गराएको रकममा रु.१००० थप प्रोत्साहन स्वरुप र पोषणका लागि **संस्थामा अण्डा घरघरमा झण्डा** कार्यक्रम अन्तरगत एक क्रेट अण्डा उपलब्ध गराईनेछ । घरमा हुने प्रसुति शुन्य घोषणा गर्न आवश्यक तयारी अघि बढाइने छ । प्रसुती पूर्वको स्वास्थ्य परीक्षण निशुल्क गरिनेछ । वर्थिड सेन्टर नभएका स्वस्थ्य चौकीलाई वर्थिङसेन्टरको सुविधायुक्त वनाइने छ । वर्थिङसेन्टरमा भिडियो एक्सरे मेसिन लगायतका आवश्यक यन्त्र, मेसिन र उपकरणहरु व्यवस्था गर्न सुरुवात गरिनेछ ।
- बालबालिकाहरुलाई खोपको पहुँच अभिवृद्धि गर्दै पूर्ण खोप युक्त गाउपालिका घोषणा गरि गाउँघर खोप क्लिनिक निरन्तरता दिईनेछ । टोलटोलमा खोप अभियानलाई सञ्चालन गरिनेछ ।
- समुदाय, ज्येष्ठ नागरिक, अति विपन्न दलित, जनजाती तथा अल्पसंख्यक लोपोन्मुख लक्षित वर्गको स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्न एकिकृत स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन गरिनेछ ।

झमक नाथ नेपाल
अध्यक्ष

Scanned with OKEN Scanner

- हरेक महिना जेष्ठ नागरिकको स्वास्थ्य परीक्षणका लागि जेष्ठ नागरिक घरदैलो स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन गरिने छ ।
- **अनिबार्य स्वास्थ बिमा कार्यक्रम** संचालन गरि अति गरिव तथा विपन्न नागरिकहरुलाई स्वास्थ्य विमामा पहुचको लागि गाउपालिकाको तर्फवाट विमा गर्न **बिमा सहयोग कोषको** स्थापना गरिनेछ ।
- अनिवार्य रुपमा जाँच गर्न पर्ने समयमा गर्भ जाँच गराउन आउदाँ पोषणको व्यवस्था सहित उचित प्रोत्साहित गरिनेछ । सिघ्र कुपोषणको चपेटामा परेका बालबालिकाको पहिचान गरी निशुल्क उपचारको व्यवस्था मिलाईने छ ।
- आँखाका विरामीहरुको उपचारको समस्यालाई दृष्टिगत गरि नवलपुर प्राथमिक अस्पतालमा आँखा क्लिनिक स्थापना गरि एक जना आँखा विशेषज्ञको नियुक्ती प्रकृया थालनी गरिनेछ । उक्त कार्यका लागि तिलगंगा आँखा अस्पतालसंग आवश्यक समन्वय गरिनेछ ।
- आर्थिक अभाव र भौगोलिक विकटताका कारण इन्द्रावती गाउँपालिकाको दुर दराजमा रहेका विपन्न नागरिकहरुलाई लक्षित गरि आँखा जाँच मोतियाविन्दु शिविरको आयोजना गरिनेछ । मोतियाविन्दु अपरेशन गर्ने नागरिकहरुका लागि रु २००० पोषण खर्च वापत उपलब्ध गराइनेछ । मोतियाविन्दुको अपरेशन गर्दा लाग्ने एक तर्फि एम्बुलेन्स भाडा गाउँपालिकाले व्यहोर्नेछ ।
- गाउँपालिकाका कुनैपनि नागरिकका लागि रक्त अभावका कारण ज्यान जान नपाओस भन्ने उद्देश्यले नेपाल रेडक्रसको ब्लड वैंकवाट रगत खरिद गर्दा सोको खरिद बील गाउँपालिकामा पेश गरेमा उक्त बीलको रकम संवन्धित व्यक्तिलाई उपलब्ध गराइनेछ ।
- आर्थिक अवस्था कमजोर भएका ६५ वर्ष भन्दा माथिका जेष्ठ नागरिकहरुलाई सुगर प्रेसर तथा मुटु सम्वन्धी दिर्घ रोगीहरुलाई अत्यावश्कीय औषधी निशुल्क उपलब्ध गराइनेछ ।
- पालिका भित्रका सवै नागरिकहरुलाई कोभिड –१९ विरुद्धको खोप अनिवार्य रुपमा लागाइनेछ । पहिलो र दोश्रो मात्रा खोप पुरा गरेकाहरुलाई अनिवार्य बुष्टर डोजको व्यवस्था गरिनेछ ।
- आमा समुहको नियमित बैठकको खाजा खर्च गाउँपालिकाको तर्फवाट व्यहोरिने छ ।

कमक नाथ नेपाल
अध्यक्ष

Scanned with OKEN Scanner

- प्रत्येक ३, ३ महिनामा १२ वटै वडामा स्वास्थ्य परीक्षण शिविर, आँखा शिविर र महिला स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।
- नेपाल सरकारले तोकेका आठ प्रकारका प्राण घातक दीर्घ रोगीहरुलाई यस अघि गाउँपालिकाले एक पटकका लागि दिँदै आएको रु १५ हजार रकमलाई निरन्तरता दिइने छ ।
- गाउँपालिकामा रहेका एम्बुलेन्सहरुको नियमन, व्यवस्थापन र सञ्चालनका लागि एम्बुलेन्स व्यवस्थापन समिति निर्माण गरि व्यवस्थित गरिनेछ । एम्बुलेन्स सञ्चालनमा देखा परेको समस्या समाधान गरिने छ । सबै एम्बुलेन्सहरुमा जिपिएस प्रविधि जडान गरिने छ ।
- हरेक स्वास्थ्य संस्थामा पोषण कर्नर स्थापना गरिने छ ।
- खोप क्लिनिक तथा गाउँघर क्लिनिकलाई व्यवस्थित गरिने छ ।
- विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- किशोर किशोरीमैत्री स्वास्थ्य संस्था निर्माणको सुरुवात गरिने छ ।

**५.४. महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्गता**

- महिला शसक्तिकरणका लागि मानव वेचविखन, घरेलु हिंसा, बहुबिबाह, नेतृत्व बिकास, लैंगिक हिंसा तथा विभिन्न खाले सचेतना, गोष्ठी, तालिम, तथा महिला लक्षित आयआर्जन, शिपमूलक कार्यक्रमहरु सञ्चालन गरि महिलालाइ आत्म निर्भर बन्न प्रोत्साहन गरिनेछ ।
- घरेलु हिंसा, असुरक्षित वैदेशिक रोजगार, वहुविवाह, मानव वेचविखन लगायतबाट प्रभावित महिलाहरुलाई निशुल्क कानुनी सहायता प्रदान गरिनेछ । त्यस्ता महिलालाई अल्पकालिन संरक्षणका लागि **सेफ हाउस** संचालन गरी आश्रय प्रदान गरिनेछ र सो कार्यका लागि अन्य छिमेकी पालिकाहरुसंग समेत आवश्यक समन्वय गरिनेछ ।
- **शुखी र खुशी दम्पत्ति महिलाको नाममा सम्पत्ति** अभियानका साथ महिलाको नाममा जग्गा जमिनको तथा सम्पत्तिको स्वामित्व कायम गर्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- महिलाद्वारा सञ्चालित सहकारीहरुलाई महिला लक्षित आयआर्जन कार्यक्रम सञ्चालनमा बिशेष प्रोत्साहन गरिनेछ ।

कमक नाथ नेपाल
अध्यक्ष

- हिंसा पिडित व्यक्तिहरुका लागि मनोबैज्ञानिक परामर्श प्रदान गर्नका लागि प्रत्येक वडामा कम्तिमा एक जना मनोबैज्ञानिक बिमर्शकर्ता तयार गरि मनोसामाजिक बिमर्शका कार्यक्रम सञ्चालन गरिनेछ ।
- सुरक्षित वैदेशिक रोजगारीका लागि सुरक्षित आप्रवासन कार्यक्रम संचालन गरिनेछ । वैदेसिक रोजगारमिा जान चाहने महिलाहरुका लागि विशेष परामर्श सेवा प्रदान गरिनेछ ।
- इन्द्रावती गाउँपालिकालाई २०८० भित्रमा बालमैत्री पालिका वनाइनेछ । वडा स्तर तथा पालिका स्तरमा वाल सञ्जाल गठन गरी वालबालिकाहरुलाई वालमैत्री गाउपालिका घोषणाका सुचक वमोजिमका न्युनतम सेवा, सुविधा र संरक्षणको कार्यक्रम संचालन गरिनेछ । वाल विवाह नियन्त्रणका लागि प्रदेश सरकारसंगको समन्वयमा वस्ती स्तरमा विशेष जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- वालविवाह, वालश्रम, वालदासत्व विरुद्ध कार्यक्रमहरु वाल संजाल, वाल संरक्षण समिति र गाउँपालिकाको साझेदारीमा सञ्चालन गरिनेछ ।
- वालवालिकाको शारिरिक, मानसिक, र समग्र पक्षको क्षमता विकासका लागि प्रत्येक वडामा क्रमस: वालमैत्री उद्यान तथा वाल मानोरञ्जन स्थल, पार्क निर्माण गर्ने गरि वजेटको सुनिश्चिता गरिने छ ।
- पालिका तहमा वाल संरक्षण कोषको व्यवस्था गरिने छ ।
- गाउपालिका क्षेत्रमा निर्माण गरिने सार्वजनिक भौतिक पूर्वाधारहरुलाई अपाङ्गमैत्री वनाईनुका साथै अपाङ्गता भएका व्यक्तिहरुको वर्गिकरण गरि सवैले परिचय पत्र सहज रुपमा प्राप्त गर्न सक्ने व्यवस्था गरिनेछ ।
- अपाङ्गताको प्रकृति हेरी अपाङ्गता सहायता सामग्रीहरु उपलब्ध गराईने छ ।
- अपाङ्गहरुको जीवनस्तर सुधार गर्ने कार्यलाई विभिन्न तालिम, सचेतना, अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ ।

[illegible] नाथ नेपाल
अध्यक्ष

- भिन्न क्षमता भएका व्यक्तिको सम्मान र जीवन निर्वाहका लागि सामाजिक सुरक्षा भत्ता प्रदान, बीउ पूंजी सहितका आयमूलक कार्यक्रम सञ्चालन गरी आत्मनिर्भरता तर्फ उन्मुख हुने वातावरणको सिर्जना गरिनेछ ।
- अपांगता भएका व्यक्तिहरुको सम्मान र उचित रेखदेख, पालन पोषण कार्यको लागि कार्यविधिको निर्माण गरि कार्यक्रम संचालन गरिनेछ ।
- श्रवण शक्ति कम भएका नागरिकहरुलाइ श्रवण शक्ति वृद्धि गर्न एक थान अडियोग्राम निशुल्क उपलब्ध गराइनेछ ।
- जेष्ठ नागरिकहरुको विषेश आवश्यकता र भावनालाई कदर गरि सम्मानित एवं सुरक्षित जिवनयापनमा सहयोग पुग्ने गरि **जेष्ठ नागरिक सहायता कोषको** स्थापना गरिनेछ । उक्त कोष मार्फत जेष्ठ नागरिकको नियमित निशुल्क स्वास्थ परीक्षण र नियमित खानुपर्ने औसधी निशुल्क वितरणको व्यवस्था मिलाईनेछ ।
- जेष्ठ नागरिकहरुको जीवनयापनलाई सहज र सम्मानित एवम् मर्यादित बनाउन वडा नं. ५ को गोल्मायानमा **जेष्ठ नागरिक आश्रम** संचालन संगै कल्याणकारी कार्यक्रम सञ्चालन गरिनेछ ।
- जेष्ठ नागरिक सामाजिक सुरक्षा कार्यक्रम अन्तरगत सामाजिक सुरक्षा रकम वितरण कार्यलाई बैंक तथा सुरक्षा निकायसंग आवश्यक सहकार्य गरि वडा कार्यालय मार्फत वितरण गर्ने व्यवस्था गरिनेछ । ६० वर्ष माथीका एकल पुरुषहरुका लागि मासिक रु ५०० भत्ता उपलब्ध गराइनेछ ।
- गाउँपालिकाका जेष्ठ नागरिकहरुको हित प्रवद्धनको लागि ८० वर्ष भन्दा माथिका सासु ससुरहरुलाई उचित रेखदेख, संरक्षण र सम्मान गर्ने वुहारीहरुलाई सम्मान गर्ने कार्यक्रम संचालन गरिनेछ ।
- जेष्ठ नागरिकको पालिका स्तरीय समिति निर्माण गरि जेष्ठ नागरिक सम्मानका बिशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
- वडा नं. ७ मा आमा बुवा दिवा सेवा केन्द्र सञ्चालन गरिनेछ र वडा नं ७ मा संचालमा रहेको वृद्धाआश्रमलाइ थप व्यवस्थित गरिने छ ।

झक्क नाथ नेपाल
अध्यक्ष

## ५.८ आदिवासी, जनजाति तथा उत्पीडित जाती उत्थान

- सिमान्तकृत, लोपोन्मुख तथा उत्पीडित जातीको संरक्षण तथा विकासका लागि उनीहरुको भाषा तथा सांस्कृतिको संरक्षण गरिनेछ । उनिहरुको आर्थिक अवस्था सुधार गर्न सीप विकास तथा आयमूलक कार्यक्रमहरुमा पहुंच वृद्धि गरिनेछ ।
- आदिवासी तथा जनजातिहरुको विशिष्ट पहिचान दिने सेवा, वस्तु, संस्कृति, कला तथा वस्तीको संरक्षण र सम्वर्द्धन गर्न उपयुक्त स्थानमा संग्रहालयको स्थापना र संरक्षणमा जोड दिईनेछ ।
- दलित समुदायको अवस्था पहिचान गरि कार्यक्रम सञ्चालन गर्नका लागि दलित प्रोफायल तयार गरिनेछ ।
- आदिवासी जनजाति तथा दलित वर्गको समग्र आर्थिक उन्नतिको लागि परम्परागत सीप र ज्ञानलाई व्यवसायीकरण गर्नको लागि आवश्यक सीप तथा प्रविधि हस्तान्तरण गरि कार्यक्रम सञ्चालन गरिनेछ ।
- आदिवासी जनजाती तथा दलितहरुको हक हितको रक्षा, बिभेदको उन्मुलन तथा क्षमता बिकासका कार्य गर्नका लागि पालिका स्तरमा एक/एक समिति बनाइनेछ ।
- अन्तरजातीय विवाह गरेका दम्पत्तीलाइ परिवारले स्वीकार नगरेमा उनीहरुलाई सामाजिक सुरक्षा प्रदान गरिनेछ ।
- लोपोन्मुख तथा अल्पसंख्यक जातिको भाषा, धर्म, संस्कृतिको खोज, अध्ययन, अन्वेषण गरिनेछ ।
- **५.९ साहित्य, भाषा, कला, संस्कृति, र पत्रकारीता**
- साहित्य, भाषा, कला, संस्कृति सरक्षण एवं सम्वर्द्धनको कार्यलाई निरन्तरता दिन आवश्यक वजेटको व्यवस्था गरि कार्यक्रमहरु संचालन गरिनेछ । प्राथमिक तह सम्म मातृ भाषामा अध्ययन गर्न प्रोत्साहित गरिनेछ । साथै स्थानीय पाठयक्रम र पाठ्यपुस्तक निर्माणका जोड दिइनेछ ।
- सञ्चार माध्यमहरुको विकास र प्रवर्द्धनमा जोड दिंदै सुशासन, पारदर्शीता, पर्यटन प्रवर्द्धन र गांउपालिकाले लिएका अग्रसरताहरु वा अभियानहरुको वारेमा जनतालाई सुसुचित गर्ने तथा नागरिकको सल्लाह सुझाव लिने पृष्ठपोषण संयन्त्रको रुपमा संचार क्षेत्रसंग सहकार्य गरिनेछ ।

कमक नाथ नेपाल
अध्यक्ष

- सञ्चार माध्यमहरुको विकास र प्रवर्द्धनमा सहयोग गरिनेछ । लोक कल्याणकारी विज्ञापन वितरणलाई पारदर्शी र मितव्ययी बनाईनेछ ।
- आधारभुत पत्रकारिता तालिम कार्यक्रम संचालन गरि युवाहरु पत्रकारिता तर्फ आकर्षित गराउने नीति लिईनेछ ।
- विभिन्न विद्यालयहरु मार्फत साहित्यिक गतिविधिहरु संचालन गरिनेछ ।
- इन्द्रावती गाउँपालिका स्तरीय प्रज्ञा प्रतिष्ठान गठन गरि भाषा, साहित्य र संस्कृतिको संरक्षण संबर्धन र प्रवर्धन गरिनेछ । नियमित रुपमा पालिका स्तरीय साहित्यिक प्रकाशन गर्ने व्यवस्था गरिनेछ ।
- मातृ भाषमा पालिका स्तरीय प्रतियोगितात्मक कार्यक्रमहरु सञ्चालन गरिने छ ।

**६. मानव संसाधन विकास कार्यक्रम :**

- जनप्रतिनिधीको कम्तीमा १० लाख बराबरको दुर्घटना तथा उपचार विमा गरिनेछ ।
- कर्मचारी तथा जनप्रतिनिधिहरुलाई क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ । उपभोक्ता समितिलाई सार्वजनिक निर्माण सम्बन्धि अभिमुखिकरण सञ्चालनलाई निरन्तरता दिईनेछ ।
- कर्मचारीहरुको मनोवल उच्च राख्न **मौद्रिक गैरमौद्रिक प्रोत्साहन**का साथै अध्ययन अवलोकन भ्रमण र **उत्कृष्ठ कर्मचारीलाई पुरस्कृत** गरिनेछ ।
- उत्कृष्ट कार्य गर्ने उपभोक्ता समिति तथा ठेकदार कंपनी पुरस्कृत गरिने छ ।
- गाउपालिकाको निर्णय कार्यान्वयन, बजार अनुगमन तथा स्थानीय सुरक्षा समेतका आधारमा विष्लेषण गरि यसै आर्थिक वर्षमा <u>नगर प्रहरी</u>को दरवन्दिमा थप गरि करार सेवामा पदपुर्ति गरिनेछ ।

**९.सूचना, प्रविधि तथा अभिलेख व्यवस्थापन**

- सुचना प्रविधिको माध्यमवाट **विद्युतिय सुशासन कायम गर्न** गाउपालिका तथा वडा कार्यालय, स्वास्थ संस्था तथा विद्यालयहरुमा सुचना प्रविधिको उपयोग बढाईनेछ । एकीकृत रुपमा सूचना व्यवस्थापनको कार्य गरिनेछ ।
- गाउँपालिका भित्रका प्रत्यक सार्वजनिका कार्यालयहरुमा सूचना अधिकारीको अनिबार्य व्यवस्था गरिने छ ।
- कर प्रणालिलाइ चुस्त, दुरुस्त तथा प्रविधि मैत्री बनाई कर, दस्तुर शुल्क अनलाइन वैकिंग प्रणाली मार्फत भुक्तानी गर्ने कार्य गरिनेछ ।
- गांउपालिकाका नीति कार्यक्रम लगायत महत्वपूर्ण सुचना तथा निर्णयहरुलाई सूचना प्रविधिको माध्यमबाट पारदर्शि बनाईने छ । **इन्द्रावती मोबायल एप बनाई** प्रयोग गर्न आम नागरीकलाई आब्हान गरिने छ । विद्युतीय सेवा प्रवाहलाई थप व्यवस्थित र प्रभावकारी बनाइने छ ।
- जिल्ला तथा गांउपालिकामा प्रकाशित/प्रशारण हुने एफ.एम.,पत्रिका, अनलाईन खबर लगायत माध्यममा पारदर्शी रुपमा बिज्ञापन वा सुचना सामग्री उपलब्ध गराईने छ ।
- गाउँपालिको रक्त संचारको रुपमा रहेको राजश्व शाखा, योजना शाखालाई व्यवस्थित गर्न सप्टवेयरहरुको प्रयोग गरि कार्य सम्पादन छिटो , छरितो , र प्रभावकारी गराइनेछ । उक्त कार्यक्रम सवै वडाहरुमा पनि संचालन गरिनेछ ।
- गाउँपालिकाको डिजिटल प्रोफाइल तयार गरिने छ ।

**६. सामाजिक परिचालन**

- समुदायमा आधारित कार्यक्रम सञ्चालन गर्दा सरकारी, गैरसरकारी तथा निजी क्षेत्रहरुबाट पूर्व गठित समूहहरुलाई नै परिचालन गर्ने तथा निस्कृय समूहहरुको पुर्नगठन गरिने छ ।
- सामाजिक सशक्तिकरणको लागि वडा वडामा टोल बिकास संस्था गठन गरी समुदायको परिचालन गरिने छ ।
- टोल विकास संस्थाहरुको संस्थागत विकास गर्न गाउपालिकामा सुचिकृत गर्ने, मसलन्द तथा अन्य सामाग्री सहयोग गर्ने नीति लिईनेछ ।
- टोल विकास समिति मार्फत सरसफाइ तथा जनचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

झक्क नाथ नेपाल
अध्यक्ष

- उपभोक्ता समितिवाट हुने कामहरुलाइ टोल विकास संस्थाहरु मार्फत संचालन गर्न प्रोत्साहित गरिनेछ । साथै टोल विकास संस्थाहरुलाई ऋण पुजी र विउ पुजीको व्यवस्था गरिनेछ ।

**७. <u>गैर सरकारी संस्था/उपभोक्ता समिति तर्फ</u>**

- गैर सरकारी संस्थाहरुले गाउँपालिकामा कार्यक्रम सञ्चालन गर्नुपूर्व उसको कार्यक्रमका सन्दर्भमा योजना तर्जुमा प्रकृयामा अनिवार्य रुपमा सहभागिता जनाउँनु पर्ने छ ।
- गैर सरकारी संस्थाहरुको परिचालन र समन्वयमा गर्न सकिने सामाजिक परिचालन, तालिम, क्षमता विकास जस्ता कार्यक्रमहरु दुवै पक्षको सह लगानीमा गर्न सकिने गरि नीतिगत व्यवस्था गरिनेछ ।
- गाउँपालिका क्षेत्रमा कार्यरत रहेका गैर सरकारी संस्थाहरुबाट सञ्चालित कार्यक्रमहरुको अनुगमनका लागि विशेष व्यवस्था गरिनेछ ।
- आयोजना सचांलन सम्वन्धमा उपभोक्ता समितिलाई प्रशिक्षित गर्ने व्यवस्था मिलाइनेछ ।
- समयमै र गुणस्तरीय रुपमा योजना सम्पन्न गर्ने **<u>उपभोक्ता समितिहरु तथा निर्माण व्यवसायीहरु</u>**लाई प्रोत्साहन गर्ने नीति लिईने छ ।

**८. <u>आन्तरिक स्रोत परिचालन तर्फ</u>**

- सम्पत्ती कर, विज्ञापन कर, व्यवसाय कर, घर वहाल करलाई व्यवस्थित रुपमा संकलन गर्न वडा कार्यालयहरुको क्षमता विकास गरिनेछ । करको दायरा फराकिलो पार्न यसै वर्ष भित्र करदाताको लगत संकलन गर्ने कार्यको प्रारम्भ गरिनेछ ।
- अनलाईन वैकिंग प्रणाली मार्फत कर दाखिला गर्न सकिने सुविधा प्रदान गर्न अनलाईन कर प्रणालीको सुरुवात गरिनेछ ।
- आगामी आर्थिक वर्षका लागि करको दर परिमार्जन नगरि करका दायराहरु फराकिलो पार्न नया स्रोतहरुको पहिचान गरिनेछ ।
- गाउँपालिकाको राजश्व परामर्श समिति, राजश्व शाखालाई सुदृढ र सक्षम वनाइनेछ ।

कमक नाथ नेपाल
अध्यक्ष

- समयमा कर तथा शुल्क तिर्ने गाउँवासीलाई थप हौसलास्वरुप निश्चित प्रतिशत छुट दिने तथा समयमा कर तथा शुल्क नतिर्ने गाउँवासीलाई जरिवाना गर्ने तथा वार्षिक रुपमा सबैभन्दा बढी कर तिर्ने करदातालाई सम्मान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

**९. अनुगमन तथा सुपरीवेक्षण**

- अनुगमन प्रणालीलाई छिटो छरितो तथा वस्तुविष्ठ वनाउन अनुगमन तथा सुपरिवेक्षण समितिलाई साधन स्रोतको कमि हुन दिईने छैन । अनुगमन तथा सुपरिवेक्षण पश्चात प्रतिवेदन दिने र सोका आधारमा पृष्ठपोषण लिने कार्यलाई थप व्यवस्थित बनाईनेछ ।
- गाउपालिका क्षेत्र भित्र. सञ्चालित योजना तथा कार्यक्रमहरुको नतिजामा आधारित अनुगमन प्रणाली (Result Based Monitoring System)को मर्मअनुसार अनुगमन र मुल्याङ्कन कार्यलाई निरन्तरता दिईनेछ ।
- गाउपालिकावाट संचालित ५ लाख भन्दा माथिका योजनाहरुको अनुगमन गाउँपालिकावाट हुने र सो भन्दा कम रकमको योजनाहरुको अनुगमन वडा स्तरवाट हुने र अनुगमन पश्चात मात्र भुक्तानी दिईने व्यवस्था मिलाइनेछ । साथै गाउँपालिकामा हुने प्रवर्द्धनात्मक कार्यक्रमहरुको अनुगमन समितिले अनुगमन गरेपछि मात्र भुक्तानीको व्यवस्था मिलाइनेछ ।
- गाउपालिका क्षेत्र भित्र अन्य निकायहरुवाट संचालित आयोजना तथा कार्यक्रमको गाउँपालिका स्तरिय अनुगमन सुरपरिवेक्षण समिति वाट हुनेछ । अनुगमन तथा सुपरिवेक्षणमा देखिएका कमी कमजोरीहरु सुधार गर्नको लागि सम्वधित निकाय समक्ष अनुरोध गर्ने र अनुगमनको प्रतिवेदन गाउँकार्यपालिमा पेश गर्ने गरि परिचालन गरिनेछ ।
- हरेक आयोजनाहरुको वारेमा अन्तिम भुक्तानी पूर्व सार्वजनिक सुनुवाई अनिवार्य गरिने छ । वर्षको १ पटक आ.व. को मंसान्तमा वडा स्तरीय र पालिका स्तरीय सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गरिनेछ । सार्वजनिक सेवा प्रदायक संस्थाहरुमा वार्षिक रुपमा अनिवार्य सार्वजनिक परीक्षण गर्ने व्यवस्था मिलाइनेछ ।

**१०.<u>संगठन तथा सुशासन तर्फ</u>**

कमक नाथ नेपाल
अध्यक्ष

- स्थानीय निकायका कर्मचारीहरुको क्षमता विकास तथा कार्यप्रति उत्प्रेरित गर्न आवश्यकता अनुसार तालिम, गोष्ठी तथा अभिमुखीकरण कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइनेछ ।
- विद्यमान सामाजिक सुरक्षा भत्ता वितरण प्रकृयालाइ अझ बढी व्यवस्थित र सुलभ बनाइने छ । भत्ता प्राप्त गर्ने नागरिकहरुको नामावली गाउँपालिकाको Website मा राख्ने व्यवस्था समेत मिलाइनेछ ।
- स्थानीय तहमा सञ्चालित विभिन्न परियोजनालाई पारदर्शी, दिगो र व्यवस्थित बनाउन सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण र सार्वजनिक परीक्षण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- उच्च स्तरको कार्यसम्पादनमा रहेका कर्मचारीलाई प्रोत्साहन भत्ता उपलब्ध गराइदै आएकोमा, प्रोत्साहन भत्ता रकम र नगद पुरस्कार तथा सम्मानको ब्यबस्थालाई निरन्तरता दिइनेछ ।
- सामाजिक सुरक्षा भत्ता वितरण तथा पञ्जिकरण कार्यलाई ब्यबस्थापन सूचना प्रणालीमा आबद्ध गरिनेछ
- स्थानिय न्यायिक समिति मार्फत शान्ति, सद्भाव र न्यायको अनुभुति गर्न सक्ने वातावरण निर्माण गरिनेछ ।
- गाउँपालिकाद्धारा तयार भएको व्यवस्थापन तथा सर्वेक्षणलाई स्वीकृत गरि सो अनुसारको दरवन्दी पदपुर्ति प्रकृयालाई अगाडी वढाइनेछ ।
- वडा स्तरमा रहेका मेलमिलाप केन्द्रलाई व्यवस्थित गरिने र मेलकर्ताहरुलाई क्षमता विकासका कार्यक्रम संचालन गरिने छ ।

**सभाध्यक्ष महोदय,**

यी तोकिएका कार्य अगाडी बढाउनका लागि कूल रु रु ७९ करोड ९१ लाख ३६ हजार मात्रको बजेट विनियोजन गरेको छु । उक्त विनियोजित रकम खर्च गर्नको देहाय वमोजिम आय विवरण पेश गरेको छु ।

आ.व.२०७९।२०८० **आय** रु हजारमा

| **शिर्षक** | **२०७९।२०८० को अनुमान** | **कैफियत** |
|---|---|---|

झक्क नाथ ढकाल
अध्यक्ष

| राजश्व (आन्तरिक आम्दानी) | | |
|---|---|---|
| • आन्तरिक राजश्व | २०४३८ | |
| • राजश्व बाँडफाडवाट प्राप्त रकम (नदीजन्य पदार्थ) | १२४०६२ | |
| अन्य आम्दानी (उपभोक्ता नगद सहभागिता ) | ० | |
| • अन्तर सरकारी वित्तीय हस्तान्तरण | ० | |
| • नेपाल सरकारवाट प्राप्त (वित्तीय समानिकरण अनुदान) | १५९१०० | |
| • नेपाल सरकारवाट्ट प्राप्त ( राजश्व वाडफाड) | ९५७३३ | |
| • प्रदेश सरकारवाट (वित्तीय समानिकरण अनुदान) | १५७४६ | |
| • प्रदेश सरकावाट प्राप्त ( राजश्व वाडफाड) | २७९८० | |
| • सशर्त अनुदान ( संघ ) | २४६७०० | |
| • सशर्त अनुदान (प्रदेश) | २९३८५ | |
| • प्रदेश समपुरक अनुदान | २९९९२ | |
| • प्रदेश विशेष अनुदान | १५००० | |
| • संघीय विशेष अनुदान | १५००० | |
| • संघ समपुरक अनुदान | २०००० | |
| अन्य आय ( प्रदेश केन्द्रवाट प्राप्त हुने वा वैक वाँकी ) | ० | |
| • थप राजश्व वाँडफाँड अनुदान( केन्द्र वन रोयल्टीर प्रदेश घर जग्गा रजिष्टेशन | ० | |
| • आन्तरिक वैंक वाँकी | ० | |
| • निर्माणाधीन पुलहरुको भुक्तानी दिन वाँकी | ० | |
| जम्मा | ७९,९१,३६ | |

कमक नाथ नेपाल
अध्यक्ष

चालु र पुँजीगत गरी एकमुष्ट रकम रु ७९ करोड ९१ लाख ३६ हजार मात्र विनियोजन गरेको छु ।

चालु र पुँजीगत कार्यक्रम तर्फ एकमुष्ट रकम विनियोजन गरेको छु । प्राप्त आम्दानीलाई विभिन्न क्षेत्रमा विनियोजन हुने गरि रकम रु ७९ करोड ९१ लाख ३६ हजार व्यय अनुमान गरेको छु ।

सभाध्यक्ष महोदय,

यस निति कार्यक्रम र बजेट कार्यान्वयनबाट इन्द्रावती गाउँपालिकाले आकस्मिक रुपमा आउने विभिन्न खालका महामारी प्रकोपवाट उत्पन्न मानवीय संकटवाट इन्द्रावती वासि दाजुभाई तथा दिदीबहिनीहरुलाई सुरक्षित राख्न, यस्ता प्राकृतिक प्रकोप तथा महामारीवाट सुरक्षित वनाउन केहि मद्दत पुग्ने विश्वास लिएको छु । यसै गरी नियमित विकास प्रकृया अन्तरगत विनियोजित कार्यक्रम र बजेट मार्फत इन्द्रावती गाउपालिकाको आर्थिक, सामाजिक, भौतिक तथा मानविय क्षमता विकासका गतिविधि सम्पादन गरि इन्द्रावती गाउपालिकालाई सक्षम र समृद्ध वनाउदै लाने विश्वास लिएको छु । हामीले विकासका ठुला पुर्वाधार निर्माणका लक्ष्यसाथ शुरु गरेको यस वर्षको कार्यक्रमले पक्कै पनि ठोस परिणाम दिनेछ भन्नेमा म विश्वस्त छु । इन्द्रावती गाउँपालिकाको समृद्धिका लागि सहयोग र सद्भाव राख्नु हुने नेपाल सरकार, बागमती प्रदेश सरकार, यस क्षेत्रका आम नागरिक, नीजि क्षेत्र, सरकारी तथा गैह्र सरकारी क्षेत्र, सामुदायिक संस्था,संचारकर्मी लगायत प्रति हार्दिक आभार व्यक्त गर्दछु । विनियोजित कार्यक्रम तथा बजेट कार्यान्वयनमा सम्वन्धीत सबै पक्षको सहयोग रहने अपेक्षा गरेको छु । बजेट तथा कार्यक्रम तर्जुमाको क्रममा: मार्गनिर्देश गर्नु हुने गाउँकार्यपालिका सदस्यहरुमा आभार प्रकट गर्दछु । साथै सुझाव तथा सल्लाह प्रदान गर्नुहुने सम्पूर्ण राष्ट्रसेवक कर्मचारी तथा अन्य सरोकारवालाहरुलाई धन्यवाद प्रकट गर्दछु ।

अन्त्यमा,

विभिन्न खालका महामारी र विश्वव्यापी आर्थिक मन्दी जस्ता असहजताका कारण कारण असहज वनीरहेको मानवीय सभ्यताको रक्षा, रोग, भोक र गरिविको दुष्चक्रवाट माथि उठने हाम्रो साझा प्रयासमा सवैको उत्तिकै योगदान आजको आवश्यकता हो । असिमित मानवीय तथा सामाजिक आवश्यकता तथा चाहना विच सिमित साधनद्वारा समृद्धी हासिल गर्न कुशल

र मितव्ययी व्यवस्थापन जरुरी रहेको हुन्छ । यस स्थानीय सरकारद्वारा विनियोजित बजेट तथा कार्यक्रमले आर्थिक, सामाजिक विकासका अनेकौ सम्भावनाका ढोकाहरु पहिल्याएको सन्दर्भमा सबै एकबद्ध भयौं भने समृद्धि सम्भव देखिन्छ ।

कनक नाथ नेपाल
अध्यक्ष

सोभना तामाङ
उपाध्यक्ष
धन्यवाद ।

ईन्द्रावती गाउँपालिकाको दोस्रो गाउँ सभाको पहिलो अधिवेशन

निर्णय नं १

प्रस्ताव नं १ माथि छलफल गर्दा यस गाउँपालिकाको आ व २०७९।२०८० को नीति तथा कार्यक्रम यस यस गाउँपालिकाको दोस्रो गाउँ सभाको पहिलो अधिवेशनमा प्रस्तुत भयो । उक्त नीति तथा कार्यक्रममा समावेश भएका विषयहरुलाई आत्मसाथ गर्दै नीति कार्यक्रम अनुकुल हुने गरि कार्यक्रम संचालन गर्ने गरि प्रस्तुत नीति तथा कार्यक्रमलाई सर्व सम्मत स्वीकृत गर्ने ।

निर्णय नं २

प्रस्ताव नं २ माथि छलफल गर्दा यस गाउँपालिकाको आ. व २०७९।२०८० मा लागु हुने करका दर दायरा समेटेर तयार भई प्रस्तुत भएको आर्थिक विद्येयकलाई सर्व सम्मत रुपमा स्वीकृत गरियो र उक्त करका दर र दायरा समेटेर तयार भई स्वीकृत भएको आर्थिक विद्येयकलाई १५ दिन भित्र राजपत्रमा प्रकाशित गरि मिति २०७९।४।१ गते देखि गाउँपालिका क्षेत्र भित्र लागु गर्ने ।

निर्णय नं ३

प्रस्ताव नं ३ माथि छलफल गर्दा यस गाउँपालिकाको आ. व २०७९।२०८० मा कार्यान्वयन हुने गरि प्रस्तुत भएको विनियोजन विद्येयक यस सभामा प्रस्तुत भयो । प्रस्तुत भएको विनियोजन विद्येयक माथिको दफावार छलफल आजको सभामा नसकिएकोले अर्को सभामा पेश गर्ने ।

निर्णय नं ४

प्रस्ताव नं ४ माथि छलफल गर्दा यस गाउँपालिकाको चालु आ.व र आगामी आ.व २०७९।२०८० का लागि पेश भएको राजश्वको प्रतिवेदन सभा समक्ष प्रस्तुत भयो । सभामा प्रस्तुत भएको राजश्वको प्रतिवेदनले उपलव्ध गराएका सुझावहरुलाई ग्रहण गर्ने ।

निर्णय नं ५

प्रस्ताव नं ५ माथि छलफल गर्दा यस गाउँपालिका कार्यालय द्वारा तयार भएको वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत भयो । सभामा प्रस्तुत भएको वार्षिक प्रतिवेदनलाई ग्रहण गर्ने ।

निर्णय ६

क) नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयवाट प्रमुख प्रशासकीय अधिकृतको रुपमा हरेक गाउँपालिकाको हकमा आठौ तहको प्रशासन सेवाको अधिकृत रहने व्यवस्था छ । सोही व्यवस्था वमोजिम कर्मचारी समायोजन ऐन २०७५ अनुसार प्रदेश र स्थानीय तहमा तहगत प्रणाली मा कर्मचारीहरु समायोजन भएको अवस्था छ । तर निजामती सेवा ऐन २०४९ ले संघीय कर्मचारीको हकमा श्रेणीगत व्यवस्था कायम गरेको र श्रेणीगत व्यवस्था अनुसार नै कर्मचारीहरु संघमा समायोजन भएको अवस्था छ । समायोजन संघमा भएको तर स्थानीय तहमा खटिइ आठौ तहको प्रमुख प्रशासकीय अधिकृतको रुपमा कामकाज गर्नु पर्ने तर पारिश्रमिक तगायका सेवा सुविधा स्थानीय तहको छैटौ तहको अधिकृत सरह उपलव्ध गराइदै आएको छ । उक्त व्यवस्थाले सांगठनिक र व्यवस्थापकीय , कामको

सम्पुर्ण नेतृत्व प्रमुख प्रशासकीय अधिकृतको रुपमा जिम्मेवार, उत्तरदायि ढंगले पालना गर्नु पर्ने तर स्थानीय तहमा समायोजन तथा नयाँ पदस्थापना भएका कर्मचारी भन्दा न्यून पारिश्रमिक जिम्मेवार पदमा रहेका व्यक्तिलाई उपलव्ध गराउदा सेवा प्रवाह लगायतका सेवा र कामको गुणस्तमा गुणात्मकता नआउने भएकोले सेवा प्रवाहमा गुणात्मकता र मनोवल उच्च राख्न २०७९।०४।०१ गते देखि लागु हुने गरि यस गाउँपालिकामा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयवाट कामकाजका लागि खटिइ आउने संघीय सरकारका रा.प तृतिय श्रेणीका अधिकृतलाई नेपाल सरकारले र यस गाउँपालिकाको स्वीकृत संगठन तथा व्यवस्थापन सर्भेले स्वीकृत गरेको पद अनुरुप स्थानीय तहको आठौ तहको प्रमुख प्रशासकीय अधिकृतले पाउने पारिश्रमिक र सेवा सुविधा उपलव्ध गराउने निर्णय गरियो ।

ख) प्रस्ताव नं.६ (ख) माथि छलफल गर्दा यस गाउँपालिकामा मिति २०७९।३।८ गते वसेको पाचौ गाउँ कार्यपालिकाको वैठकले चालु आ.वमा विविध कारणले खर्च हुन नसकी वचत हुन जाने रकमलाई विपद व्यवस्थापन कोषमा रहने गरि विपद व्यवस्थापन कोषवाट खर्च हुने गरि र अन्य योजनाहरु वडाकार्यालयहरुको अत्याआवश्यक योजनाहरुमा खर्च सिफारिस भए वमोजिम रकमान्तर गर्ने ।

तपशिल

| क.स | साविकका योजना | वडा नं | रकम | रकमान्तरका लागि सिफारिस गरिएका योजना | रकम |
|---|---|---|---|---|---|
| १ | वुद्धजन्म उत्सवमा पुजा सामाग्री खरिद | १ | ५०००० | लहरे माने र वडा कार्यालय जाने वाटो सोइलिङ | ३००००० |
| २ | स्वरोजगार कृषि जाली खरिद | १ | २००००० | | |
| ३ | वेतवोते खानेपानी | १ | ५०००० | | |
| ४ | भुमेडाडाँ डिपिआर खर्च | २ | १००००० | वडा कार्यालय व्यवस्थापन | ५३००० |
| | | | | वडा कार्यालय वाटो मर्मत खर्च ( इन्धन वापत ) | ४७००० |
| | वडा अध्यक्ष रनिङ सिल्ड | २ | १००००० | डुडे खोला सेति देवि मन्दीर निर्माण | २१८००० |
| | लक्षित कार्यक्रममा वचत भएको | २ | ५०००० | | |
| | | | | नौविसे कुलो सिंचाइ | ३८००० |
| ५ | चालिसे घाट सत्तल | २ | १००००० | वडा कार्यालय आउने वाटो ग्राभेल | २५०००० |
| ६ | धारापारि वाटो निर्माण | ३ | १००००० | | |
| ७ | कृषि तथा पशुपालन | ३ | १००००० | | |



अध्यक्ष

Scanned with OKEN Scanner

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | वडा स्तरीय विपद व्यवस्थापन | ३ | ५०००० | | |
| ९ | वडा स्मारिका निर्माण | ३ | ६२००० | शैक्षिक व्यवस्थापन | ६२,००० |
| १० | वडा खेलकुद व्यवस्थापन | ३ | ४९००० | वडा कार्यालय सामाग्री खरिद इन्टरनेट भुक्तानी तथा विविध | २७६,००० |
| ११ | वडा कार्यालय फर्निचर तथा फिक्चर्स | ३ | २२५००० | | |
| १२ | कार्यालय मर्मत तथा सरसफाई | ४ | १३००० | कलर पिन्टर र ल्यापटप | ७०००० |
| १२ | फुटवल | ४ | ७०००० | | |
| १३ | पशु स्वास्थ्य खोप कार्यक्रम | ५ | १००००० | ट्याक्टर खरिद | १००००० |
| १४ | खेलकुद कार्यक्रम | ६ | ६१००० | वडा कार्यालय डिजिटल बोर्ड खरिद | ६१००० |
| १४ | स्वास्थ्य कार्यालय व्यवस्थापन तथा जग्गा निशुल्क दाता सम्मान कार्यक्रम | ९ | ९०००० | मोटर बाटो मर्मतको लागी इन्धन खरिद | ९०००० |
| १५ | गोदामेडाँडा आरुवोटे मोटरवाटो | ९ | ३०००० | विपदका लागी खानेपानी पाइप खरिद | ६०००० |
| १६ | कैचिले लामो कुलो निर्माणको वचत | ९ | ३०००० | | |
| १७ | वडा स्तरिय खानेपानी पाइप खरिद | १२ | १००००० | सिपाघाट पक्कीपुल मुनीवाट प्रधानमन्त्री स्वरोजगार कार्यक्रममा नदी नियन्त्रण साझेदारी | १९०००० |
| १९ | अध्यक्ष कप फुटवल | | १४००००० | | |
| १७ | विद्युत पोल तार ढुवानी तथा मर्मत संभार | १२ | ९०००० | | |
| १८ | वडा कार्यालय छाडा पशु नियन्त्तण कार्यक्रम | गाउँपालिका कार्यालय पशु सेवा कार्यक्रम | १००००० | पशु औषधी खरिद | १००००० |
| १९ | गाउँपालिका प्रवेश द्वार वडा नं ९ र १२ मा प्रवेश द्वार निर्माण | १२ | १६००००० | वाढीवाट क्षति पुगेको खानेपानी योजना मर्मत तथा पाइप खरिद | ८००००० |



अध्यक्ष ... 

Scanned with OKEN Scanner

| | | | | | |
|---|---|---|---|---|---|
| २० | अध्यक्षकप फुटवल र गाउँपालिका प्रवेश द्वार वडा नं ९ र १२ मा प्रवेश द्वार निर्माण | | १४००००० र ८००००० | विपद व्यवस्थापन कोषमा | ३०००००० |
| २१ | न्यायिक समिति संचालन | | १०००००० मध्येको ८००००० | | |

ग) यस गाउँपालिकामा गठित न्यायिक समितिको पेश गरेको प्रतिवेदन यस सभामा पेश भई छलफल भयो । न्यायिक समितिमा काम गर्ने संयोजक र अन्य सदस्यहरुलाई धन्यवाद दिदै समितिको तर्फबाट उपलब्ध गराईएको सुझावहरुलाई ग्रहण गरि अगाडी बढने निर्णय गरियो ।

घ) यस गाउँपालिकाका नागरिकहरु आँखा उपचारको सेवाबाट वन्चित रहेको कुरालाई मध्ये नजर गर्दै यस गाउँपालिकामा पनि आँखा सेवा केन्द्र संचालन सम्वन्धमा जिल्ला सामुदायिक आँखा केन्द्र सिन्धुपाल्चोक र यस गाउँपालिका विच भएको सम्झौतालाई अनुमोदन गर्ने ।

ङ) यस गाउँपालिकामा संचालित आयोजनाहरुमा आयोजना मर्मत संभारका लागि मर्मत संभार कोषको व्यवस्था नभएकोले मर्मत संभार कोष संचालन प्रयोजनार्थ रु १० लाख भन्दा माथिका आयोजनाहरुमा लागत अनुमान तयार गर्दा देखि नै प्रति आयोजना १ प्रतिशतका दरले आयोजना मर्मत संभार कोष संचालन का लागि आगामी आर्थिक वर्ष २०७९।२०८० देखि कटटी गर्ने ।

अध्यक्ष



Scanned with OKEN Scanner